# बाल बिवाह व्यापकता सर्वेक्षण प्रतिवेदन

# Child Marriage Prevalence Survey Survey Report

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कुमालगाउँ, कालीकोट
कर्णाली प्रदेश, नेपाल

## नरहरीनाथ गाउँपालिका, कालीकोट

## Naraharinath Rural Municipality, Kalikot

**December 2022**

प्लान इन्टरनेशनल नेपाल

समाजिक जागरण तथा विकास प्रतिष्ठान नेपाल (सादा नेपाल)

मानव अधिकार तथा वतावरण विकास केन्द्र, नेपाल (हुरेन्डेक, नेपाल)

नरहरीनाथ गाउँपालिका, कालीकोट

विषयसूची (Contents)

शब्दावली तथा परिभाषा ....................................................3

कृतज्ञता 4

सारांश (Summary) ....................................................5

एकाइ १ परिचय....................................................7

१.१ पृष्ठभूमि (Background)....................................................7

१.२ परियोजनाको परिचय....................................................7

१.३ सर्वेक्षणको उद्देश्य ....................................................8

एकाइ २ सर्वेक्षण क्षेत्र र विधि ....................................................9

२.१ गाउँपालिकाको पृष्ठभुमि (Background of Rural Municipality) ................9

२.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू ....................................................9

२.३ नमूना छनौट प्रक्रिया र नमूना....................................................9

२.४ डाटा सङ्कलन विधि ....................................................10

२.५ बाल संरक्षण, सहमति र गोपनीयता ....................................................10

२.६ तथ्याङ्क गुणस्तर आश्वासन, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण ........................10

२.७ अध्ययनको सीमितता....................................................11

एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings) .............12

३.१ उत्तरदाताहरूको सामान्य जानकारी....................................................12

३.१.२ उत्तरदाताहरुको वडागत उमेरसमुहको विवरणः ....................................................12

३.१.३ विवाह गर्ने कानुनी उमेर बारे जानकारी ....................................................13

३.२ बालविवाह ....................................................14

३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था....................................................14

३.२.२ जातिगत तथा वडागत बाल विवाह, छिटो हुने विवाहको विवरण :........................15

३.२.३ विवाहको प्रकार तथा वडागत विवाहको विवरण ....................................................15

३.२.४ वाल विवाह र छिटो विवाहको प्रकार, लैङ्गिक तथा वडागत अनुसार विवाहको विवरण ..16

३.२.५ बिवाह दर्ताको चलन....16
३.२.६ बिवाह अघि र बिवाह पछिको शैक्षिक अवस्था....17
बिवाह हुँदाको शैक्षिक आवस्थाको विवरण....18
३.२.७ बिवाह तथा गर्भावस्थाको विवरण....18
३.२.८ बाल बिवाहका कारणहरू....19
३.२.९ बाल बिवाहको अन्त्य गर्न सम्भावित उपायहरु....20
३.२.१० बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी....21
३.२.११ बाल बिवाह कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी....22
३.२.१२ बाल बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान....23
३.२.११ बाल बिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ....24
एकाइ ४ निष्कर्ष र सुझाव (Conclusion and Recommednations)....26
४.१ मुख्य निष्कर्ष....26
४.२ सुझावहरु....28

## शब्दावली तथा परिभाषा

**बाल बालिका :** संयुक्त राष्ट्रसघीय बालअधिकार सम्बन्धी महासन्धी १९८० को धारा १ मा राष्ट्रिय कानुनमा वयस्कताको उमेर अन्यथा तोकिएकोमा बाहेक बाल बालिका भन्नाले १८ वर्ष मुनिका प्रत्येक केटाकेटीहरुलाई सम्झनु पर्दछ ।

# कृतज्ञता

प्लान ईन्टरनेशनल नेपालले गर्ल्स गेट इक्वल: बालबिवाह, छिटो हुने बिवाह र जवरजस्ति गरिने बिवाह रोकथाम (GGE:PCEFM - NORAD) परियोजना अन्तर्गत बर्दिया कालिकोट र जुम्ला जिल्लाहरुका १० वटा पालिकामा बालबिवाह र छिटो हुने बिवाहको व्यापकता दर सर्वेक्षण सञ्चालन गर्ने प्रक्रियामा सहयोग गर्ने सबै सरोकारवालाहरुलाई अनुगमन मूल्याङ्कन अनुसन्धान तथा सिकाई ईकाईका तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौ। परियोजनाको कार्यान्वयन साझेदारहरू सामाजिक जागरण तथा विकास प्रतिष्ठान (सादा नेपाल) र मानव अधिकार तथा वातावरण विवकास केन्द्र (हुरेन्डेक) ले परियोजना सम्बन्धी जानकारी प्रदान गर्न, स्थानीय सरकारहरूसँग समन्वय गर्न र सर्वेक्षण गर्न आवश्यक गणकहरूको छनोटमा उत्तरदायी र सहयोगी भुमिका खेल्नु भएकोले वहाँहरु प्रति आभार व्यक्त गर्दछौ । प्लान ईन्टरनेशनल नेपालको पश्चिम क्षेत्रीय कार्यालय (ROW) का अम्बिका तिमिल्सिना (परियोजना प्रबन्धक), झलक विश्वकर्मा (परियोजना संयोजक), कृष्ण श्रेष्ठ (अनुसन्धान मूल्याङ्कन र ज्ञान व्यवस्थापन विशेषज्ञ) लगायत बलिराज शाही (हुरेन्डेक) दल सिंग कुमाल र नमराज योगी ( सादा नेपाल) जसले यो सर्बेक्षणमा महत्त्वपूर्ण सहयोग गर्नु भएकोछ वहाँहरुलाई कृतज्ञता व्यक्त गर्दछौ । सर्वेक्षण प्रक्रियाको वा अन्तरवार्ताको क्रममा आफ्नो अमूल्य समय सहित जानकारी तथा सूचना प्रदान गरि दिनु हुने यस पालिकाका सम्पूर्ण सहभागिहरु तथा दाजु भाई दिदीबहिनी बाबु, आमा, समुदायका अगुवाहरू सबैप्रति हामी आभारी छौं । यो सर्वेक्षण गर्न प्रश्नावलीहरुमा विचार प्रदान गर्नु हुने तथा सर्वेक्षण गर्नको लागि अनुमति दिने यस पालिका लगायत यस पालिकाका सबै प्रतिनिधीज्यूहरुलाई विशेष धन्यवाद । धेरै व्यक्तिहरु र सरोकारवालाहरुको सहयोगले यो अन्तिम प्रतिवेदन तयार गर्न सम्भव भएको छ तसर्थ म यस प्रक्रियामा सहभागि सबै व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छौं।

हसरत अली कसगर
प्लान ईन्टरनेशनल नेपाल
अनुगमन मूल्याङ्कन अनुसन्धान तथा सिकाई ईकाई

गाउँकार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली,प्रदेश,नेपाल

# सारांश (Summary)

कर्णाली प्रदेशमा अन्तर्गत कालीकोटको नरहरीनाथ गाउँपालिकामा बाल विवाह व्यापकता सम्बन्धी एक सर्वेक्षण गरिएको थियो । सर्वेक्षणले मात्रात्मक दृष्टिकोण अनुसार क्रस-सेक्शनल अनुसन्धान डिजाइनमा कार्य गरिएको थियो । सर्वेक्षणको लागि डाटा/सूचना प्राथमिक सङ्कलन गर्न नरहरीनाथ गाउँपालिकामा घरपरिवार सर्वेक्षण जनगणनाको रूपमा २७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र विवाह भएका घरधुरीहरुमा गरिएको थियो । सर्वेक्षणमा १७९ ( महिला ७१ र पुरुष १०८) उत्तरदाता अन्तर्वार्ता लिएको थियो । सर्वेक्षण गरिएको १७९ घरधुरीहरुमा कुल १०४१ (५०२ महिला र ५३९ पुरुष ) रहेको पाइयो । ती घरपरिवारका संख्याहरु मध्ये ३११ जनाको एक वर्ष भित्र विवाह भएको थिया । अपाङ्गता भएका जनसंख्या १ जना मात्र रहेको थियो । १७९ जना उत्तरदाताहरुमध्ये ७१ जना (४० प्रतिशत) महिला र १०८ जना (६० प्रतिशत) पुरुष सहभागीहरुले यस सर्वेक्षणमा भाग लिनु भएको थियो । जातिगत हिसाबले हेर्ने हो भने सहभागी मध्ये ११७ जना ६५% ब्राम्हण क्षेत्री र ५७ जना ३२% पहाडी दलित रहेका छन र अन्य जातिका मात्र ३% जना मात्र रहेका छन । यसरीनै उमेरसमुह अनुसार, उमेरसमुहको विवण हेर्दा ४६ प्रतिशत उत्तरदाताहरु ४१ देखि ६० वर्ष उमेर समुहको पाइयो भने ३४ प्रतिशत उत्तरदाताहरु २० देखि ४० वर्ष उमेर समुहको र ८ प्रतिशत ६१ वर्ष भन्दा माथिका उत्तरदाताहरु रहेका थिए ।

**सर्भेक्षणको सार निम्नअनसार छन् ।**

यो अध्ययनमा सहभागि भएका १७९ घरपरिवार मध्य समग्रमा ५० प्रतिशत सहभागिहरुलाई मात्र बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर ४ र १ मा क्रमश: १००% र ९४% सहभागिलाई थाह भएको पाईयो ।

यस नगरपालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन २०२० मा ७४ प्रतिशत, सन २०२१ मा ६७ प्रतिशत र सन २०२२ मा ५२ प्रतिशत बाल विवाह र छिटो विवाहको दर पाईयो । बाल बिवाह र छिटो बिवाहको दर घटेको पाईएतापनि ५२ प्रतिशत बाल बिवाह र छिटो बिवाह हुनु भनेको जुन नेपालको औषत दर भन्दा धेरै बढी हो ।

यस पालिकामा एक वर्षमा ३११ जनाको बिवाह भएका थियो । यसमा १६१ बालबिवाह वा छिटो बिवाहमा पर्दछन् जुन जम्मा बिवाहको ५२ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा यो ६७ प्रतिशत थियो । वडा नं ५ र ७ मा मा बालबिवाह वा छिटो बिवाह वढि छ वडा नम्बर ३ मा बालविवाह गतवर्षको तुलनामामा ७ प्रतिशतले बढेको देखिन्छ ।

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह विवाह सबै भन्दा बढी ३४% ब्राहमण क्षेत्री समुदायमा भएको पाईयो भने १७ % दलित समुदायमा भएको पाईयो । त्यसैगरि बाल बिवाहमा केटाकेटी १०० प्रतिशत आफैले पहल गरेर विवाह गरेको विवाह पाइयो ।। आफैले विवाह गरेको १६१ वटा बाल विवाह र कम उमेरमा हुने विवाह मध्ये १०५ जना (६५%) महिलाको र बाकी ५६ जना (३५%) पुरुषहरुले आफै विवाह गरेको पाईयो ।

२० वर्ष उमेर पछि बिवाह भएको जम्मा १५० विवाहित मध्ये जम्मा २२ जनाले विवाह दर्ता गराइएको पाइयो जुन जम्मा २० वर्ष उमेर पछि भएको विवाहको १५% जनाउँछ तसर्थ ८५% नव विवाहित जोडीले विवाह दर्ता नलिएको देखिन्छ। साथै पढाइको सन्दर्भमा हेर्ने हो भने विवाह हुनु भन्दा पहिले २७५ जना कुनै न कुनै तहमा विद्यालयमा नियमित रहेको देखिन्छ तर विवाह पश्चात २४९ जनाले मात्र शिक्षा नियमित गरेको पाइन्छ। २६ जना (९%) ले विवाह पश्चात पढाई छोडेको देखिन्छ ।

सन् २०२२ मा बिवाह भएका महिलाहरु मध्ये ८ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये ५ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ ।

बाल बिवाह र कम उमेरमा बिबाहले किन निरन्तरता पाई रहेको छ भनि कारणहरु बारे जान्न खोज्दा ६६ प्रतिशत उत्तरदाताहरुले अहिले आफै प्रेम सम्बन्ध बनाएर भागेर बिवाह गर्ने गरेको चलन बढेको बताएका थिए भने उत्तरदाताहरु

अनुसार ५५ प्रतिशत परिवारहरुले समाजिक परम्पराले गर्दा बाल बिवाह र कम उमेरमा बिबाह गर्दिने गरेको हो भने ४३ प्रतिशतले गरीबिको कारणले बाल बिवाह र कम उमेरमा बिबाह गर्ने गरेको यस सर्वेक्षणले देखाएको छ ।

बाल बिवाह र छिटो बिवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा ६३ प्रतिशत उत्तरहरु अनिवार्य शिक्षाको माध्यमबाट बाल वालिकाहरुलाई सचेत गराइ र शिक्षामा पहुँच बढाइ बालविवाह र कम उमेरमा हुने विवाहको चलन अन्त्य गर्न सकिन्छ भनेर जवाफ दिए भने ४५ प्रतिशत उत्तरहरु अभिभाबकहरुमा जनचेतना जगाएर र ४२ प्रतिशत उत्तरहरु बालबालिकाहरुमा जनचेतना जगाएर यस समुदायमा रहेको बाल बिवाह र कम उमेरमा हुने बिबाहको चलन अन्त्य गर्न सकिन्छ भन्ने उत्तर दिनुभयो ।

बाल बिवाह र कम उमेरको बिबाहको कारणले पर्ने नकारात्मक असरहरुबारे उत्तरदाताहरुको प्रश्न सोधिएको थियो जसमा सबै भन्दा बढी ७८ प्रतिशतले छिटो गर्भवती हुने र बच्चा जन्मिने उत्तर दिएका थिए भने ७३ प्रतिशतले स्वास्थ्य सम्बन्धी समस्या आउने बताएका थिए र ५६ प्रतिशतले बालबालिकाहरुको पढाइ छुट्ने, बालबालिकाहरु बिध्यालय जान छोड्ने उत्तर दिएका थिए ।

बाल बिवाह र कम उमेरमा बिबाहको कानूनी प्राबधान र व्यवस्थाको बारेमा सोधिएको थियो` जसमा सबै भन्दा बढी ७० प्रतिशत उत्तरदाताहरुले बिवाह दर्ता नहुने जनाएका थिए, त्यसैगरि ५४ प्रतिशतले बिवाह स्वतः बदर हुने र ४२ प्रतिशत उत्तरदाताहरुले गर्ने र गराउने दुबैलाइ तीन वर्ष सम्मा कैद र तीस हजार रुपैया सम्म जरिवाना भनेर उत्तर दिएका थिए साथै बालविवाह सम्बन्धि चारैवटा कानूनी प्रावधानी बारे प्रश्न सोध्दा कुल १७९ उत्तरदाता मध्ये २० जना (११%) लाई मात्र बालबिवाहको चारवटै कानुनी प्रावधानहरु रहेको जानकारी भएको पाईयो ।

नरहरीनाथ गाँउपालिका बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि सोधिएको थियो जसमा सबै भन्दा बढी ७९ प्रतिशत उत्तरहरु पुलिसमा, ६९ प्रतिशत उत्तरहरू पालिका तथा वडा कार्यालयमा, ५४ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, ३७ प्रतिशत उत्तरहरु निगरानी समूहमा रिपोर्ट र ३३ प्रतिशतले बाल हेल्पलाईनमा जानकारी गराउनु पर्छ भन्ने जानकारी भएको पाईएको छ ।

बाल विवाह उन्मुलनको लागि समुदायमा कस्को भुमिका रहन्छ भन्ने प्रश्नमा अधिकांश उत्तरदाताहरु ७४ प्रतिशतले युवा क्लब तथा सञ्जालको प्रमुख भुमिका रहेको बताए । त्यसैगरि ६४ ले बालक्लब सञ्जाल, ५९ प्रतिक्रियाहरू वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने ४८ प्रतिशतले पालिकाले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएका थिए ।

नरहरिनाथ गाउँपलिकामा उत्तरदाताहरुसंग बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको बारेमा कतिको जानकारी रहेको छ भनेर बुझ्न खोज्दा १७९ उत्तरदाताहरु मध्ये ६३ जना ३५% लाई मात्र समुदायमा बालबिवाह र बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी रहेको पाइयो ।

# एकाइ १ परिचय

## १.१ पृष्ठभूमि (Background)

नेपालमा प्रचलित बालविवाह एक सामाजिक समस्याको रुपमा रहेका छ। नेपालमा बालविवाहको प्रचलन बढी छ जस्मा २०-२४ वर्षका नेपाली महिला मध्ये ३७.५ ले १८ वर्षको उमेरमा पहिलो विवाह गरेको पाइन्छ र १३ लाख बालबालिकाको १५ वर्षको उमेरमा विवाह भएको पाइन्छ। बालविवाहको प्रचलन दर बालकको तुलनामा बालिकाको बढि भएको पाइन्छ। त्यस्तै भौगोलिक स्थानका आधारमा, लिङ्गका आधारमा उल्लेख्य रूपमा उच्च बालविवाहको प्रचलन भएको पाइन्छ। अन्य भिन्नताहरूमा क्षेत्र, शिक्षाको स्तर, घरायसी सम्पत्ति र जात जातिको आधारमा पनि बालविवाहको प्रचलन फरक फरक पाइन्छ।

नेपालको संविधान ९संविधान २०१५० ले बालविवाहलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा लिइ यसलाई निषेध गरेको छ र पीडकहरूबाट उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने गरी पीडितहरूको अधिकार स्थापित गरेको छ। संविधानले सबै प्रकारका हिंसाबाट मुक्त हुने महिलाको अधिकारलाई विशेष रूपमा मान्यता दिंदै प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ। संविधानले बालबालिकाको पहिचान र जन्म दर्ताको अधिकार सुनिश्चित गरी बालविवाहबाट रोक्ने, शिक्षा र स्वास्थ्य सेवाको अधिकारस जोखिमपूर्ण कामबाट संरक्षणको अधिकारस र उपेक्षा, अनैतिक प्रयोग, वा धार्मिक वा सांस्कृतिक प्रथाहरूको नाममा शारीरिक, मानसिक, वा यौन दुरव्यवहार वा शोषण जस्ता कुनै पनि रूपको घटनाबाट सुरक्षा गर्ने गरी बाल अधिकारको सुनिश्चिता गरेको छ। संविधानले यी मौलिक हकहरूको उल्लङ्घन भएमा न्यायिक र गैरन्यायिक समाधानको पनि व्यवस्था गरेको छ।

नेपाल सरकारले नेपालमा बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति, २०१६ लाई अपनाएको छ, जसले बालविवाह विरुद्ध लड्न र कानुनी जवाफदेहिता प्रवर्द्धन गर्न एक सर्वाङ्गीण नीति ढाँचा प्रदान गर्दछ। विश्वव्यापी दिगो विकासको प्रतिबद्धताको रूपमा यसले २०३० सम्ममा बालविवाह उन्मूलन गर्नेछ। यसले बालविवाह अन्त्य गर्न बहु-क्षेत्रीय दृष्टिकोण अपनाउने कुरामा जोड दिन्छ। रणनीतिले छ वटा स्तम्भहरू समावेश गर्दछ, अर्थात बालबालिकाहरू र किशोरकिशोरीहरूको सशक्तिकरणस बालबालिका र किशोरकिशोरीहरूको लागि गुणस्तरीय शिक्षास बालकहरू, किशोरहरू र पुरुषहरूलाई संलग्न गराउनेस परिवार र समुदायलाई सहभागि गर्नेस सेवाहरूमा पहुँचस र कानून र नीतिहरूलाई बलियो बनाउने र कार्यान्वयन गर्ने। स्थानीय स्तरमा, बालमैत्री स्थानीय शासन दिशानिर्देशको प्रावधान छ जसमा बालविवाह घटाउने सूचकहरू ८०५ पुरा भएपछिमात्र घोषणा गर्नुपर्नेछ।

प्लान इन्टरनेशनलको परियोजना क्षेत्रमा पर्ने कालीकोटको रास्कोट गाउंपालिकामा बाल विवाह, कम उमेरमा हुने विवाहको प्रचलनको अवस्था बारे बुझ्न सर्वेक्षण गरिएको थियो। सर्वेक्षणको नतिजा र सुझावहरुका आधारमा प्लान इन्टरनेशनल नेपालले उक्त गाउंपालिकामा बालविवाह न्यूनीकरण गर्न स्थानीय सरकार तथा सम्बन्धीत स्थानिय सँघसस्थाहरुसँगको समन्वयमा परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नेछ।

## १.२ परियोजनाको परिचय

यो परियोजनाको अन्तिम लक्ष्य परियोजना सन्चालित नेपालका बर्दिया, कालिकोट र जुम्ला जिल्लाहरुमा बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ती गरिने विवाहको दर घटाउनु रहेको छ। यो एउटा बृहत्तर कार्यपद्धतीको आधारमा सन्चालन गरिने छ जसले किशोर किशोरीहरुको संरक्षणको लागि उनीहरुको संगठन तथा सशक्तिकरण गर्छ, शिक्षा र आर्थिक सशक्तिकरणका माध्यमबाट उनीहरुको भविष्यको लागि विकल्प दिन्छ र उनीहरुलाई यौन तथा प्रजनन स्वास्थ्यको ज्ञान दिनुका साथै

जीवनोपयोगि सीप बृद्धि गर्छ। यसका साथै यो परियोजनाले पारिवारको आर्थिक विपन्नताको कारणले बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ती गरिने विवाहको जोखिममा रहेका छोरीहरुको परिवारलाई आयआर्जन बृद्धिका लागि सहयोग गर्छ जसले गर्दा ती छोरीहरुको बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ति गरिने विवाह नहोस।

यो परियोजनाले समुदाय परिचालनका माध्यामबाट बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ती गरिने विवाहका अन्तर्निहित कारणहरुलाई सम्बोधन गर्दै छोरीहरुलाई सम्मान दिने तथा केटी र केटाहरुको ढिलो विवाह गर्ने खालका मूल्यमान्यताहरु अनुसरण गर्न प्रोत्साहन गर्नेछ। त्यसै गरी यो परियोजनाले बालसंरक्षण सम्बन्धीका कानुन तथा नीति नियमहरुको सबलीकरण तथा तिनिहरुको कार्यान्वयनको लागि पैरवी गर्ने छ।

यो परियोजनाबाट नेपालको बर्दिया, कालिकोट र जुम्लाका बिभिन्न १० वटा पालिकाका ८८ समुदायमा रहेका ११२ वटा विद्यालय र ३४८२२ बालबालिका लाभान्वित हुनेछन। अपांगतालाई मुलप्रवाहिकरण गरीने छ।

**परियोजनाको मूख्य उद्देश्यः**

"नेपालको बर्दिया, कालिकोट र जुम्ला जिल्लामा बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ती गरिने विवाहका दरलाई घटाउनु।"

**आशा गरिएका परिणामहरुः**

- बिद्यालयमा बालिकाहरुको निरन्तरता।
- किशोर किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा ज्ञान अभिबृद्धि।
- बाल विवाह, छिटो गरि हुने विवाह तथा जवरजस्ती गरिने विवाहको जोखिममा रहेका बालिका तथा तिनिहरुका परिवारहरुको आर्थिक अभिबृद्धिका अवशरहरुको सवलीकरण।
- समुदायले छोरीहरुलाई महत्व दिने र तिनिहरुको ढिलो विवाहको लागि सहयोग गर्ने खालका मूल्य मान्यता को अनुशरण।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्तरमा बाल अधिकार उलंघन खास गरी बाल विवाह, छिटो गरि हुने विवाह तथा जबरजस्ती गरिने विवाहलाई रोकथाम गर्न सरोकारवालाको सक्रियतामा बृद्धि।

## १.३ सर्वेक्षणको उद्देश्य

- सर्वेक्षणको समग्र उद्देश्य कालीकोटको नरहरिनाथ गाउँपालिकामा बालविवाहको व्यापकता/प्रचलनको स्थिति पत्ता लगाउनु।
- बालविवाहको व्यापकता/प्रचलनमा कुन कुन तत्वहरुले प्रभाब पारेको छ पत्ता लगाउनु।
- सर्वेक्षणको नतिजाको आधारमा बाल विवाह, छिटो गरि हुने विवाह तथा जबरजस्ती गरिने विवाहलाई रोकथाम गर्ने परियोजनाका गतिबिधीहरु योजना तथा लागु गर्नु।
- सर्वेक्षणको नतिजाको आधारमा स्थानिय सरकारको निती बजेट तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यन्वयनमा मद्दत गर्ने वा सहजिकरण गर्ने।

# एकाइ २ सर्वेक्षण क्षेत्र र विधि

## २.१ गाउँपालिकाको पृष्ठभुमि (Background of Rural Municipality)

कालिकोट जिल्लाका ९ वटा पालिका मध्ये नरहरिनाथ गाउँपालिका जिल्लाकै रमाईलो पालिका हो । गाउँपालिकाद्वारा ओगटेको कुल क्षेत्र १४३.८६ वर्ग किलोमिटर छ। गाउँपालिकालाई ९ वडामा विभाजन गरिएको छ। जिल्लाको पूर्वमा अछाम जिल्ला र पश्चिममा सान्नी त्रिवेणी जिल्ला पर्दछ। त्यस्तै उत्तरमा बाजुरा जिल्ला र दक्षिणमा दैलेख जिल्ला सहित खाण्डचक्र नगरपालिका पर्दछ। गाउँपालिका त्यहाँ जन्मेका प्रसिद्ध सन्त योगी नरहरिनाथको नामबाट नामाकरण गरिएको हो। प्रारम्भिक जनगणना २०७८ अनुसार यस गाउंपालिकामा जम्मा ४४२२ घरपरिवारमा कुल जनसंख्या २२४१४ (पुरुष १११०९ र महिला ११३०५) रहेको छ। कुल जनसंख्या मध्ये किशोरावस्था (१०-१९ बर्ष) को जनसंख्या ५,४१९ र प्रजनन उमेरका महिला (१५ -४९ बर्ष ) ६,२२८ रहेको छ ।

## २.२ अध्ययन डिजाइन, अध्ययन क्षेत्र, अध्ययन सहभागीहरू

यस अध्ययनले घरपरिवार सर्वेक्षण विधि प्रयोग गरेर तथ्याङ्क सङ्कलनको बेनामि मात्रात्मक विधि प्रयोग गरिएको थियो। यो अध्ययन प्लान इन्टरनेशनल नेपालको अनुगमन, मूल्याङ्कन, अनुसन्धान र सिकाइ ईकाईको नेतृत्वमा सर्वेक्षण गरिएको थियो भने परियोजना क्षेत्रमा स्थानीय कार्यान्वयन साझेदार संस्थाहरूको सहयोगमा र स्थानिय पालिकाहरुको समन्वयमा परिमाणात्मक सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई नियुक्त गरि सर्बेक्षण गरिएको थियो । सर्बेक्षण गर्नु पूर्व गणकहरूलाई प्रश्नावली, अन्तर्वार्ता विधि, नमूना छनौट विधी, लिखित सहमति, बालबालिका, युवाको सुरक्षा सम्बन्धी विषयहरु समेटेर दुई दिने तालिम सञ्चालन गरिएको थियो ।
कालिकोटको रास्कोटा, सन्नित्रिवेणी र नरहरिनाथ, जुम्ला जिल्लाको सिन्जा, हिमा र कनकसुन्दरी तथा बर्दियाको बढैयाताल, बाँसगढी, गुलरिया र राजापुर गरी १० गाउपालिका/नगरपालिकाका सबै वडाहरूलाई यो सर्बेक्षणमा समेटिएको थियो।

यो सर्बेक्षणमा मूख्यतया घरमुलिलाई सहभागिको रुपमा समाबेस गरिएको थियो ।

## २.३ नमूना छनौट प्रक्रिया र नमूना

घरपरिवार सर्वेक्षण जनगणनाको रूपमा सञ्चालन गरिएको छ जहाँ छनोट गरिएको प्रत्येक वडाबाट उत्तरदाता छनोट भएका सर्वेक्षणको लागि तथ्याङ्क/सूचना प्राथमिक स्रोतहरूद्वारा सङ्कलन गरिएको थियो। तथ्यांक संकलनका लागि २७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र विवाह भएका सम्पूर्ण परिवारहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो । नरहरीनाथ गाउँपालिका अन्तर्गत कुल उत्तरदाता १८२ (महिला ७९ र पुरुष १०३) उत्तरदाता/परिवारको अन्तर्वार्ता लिएको थियो । यसमा कुल १०४१ घरपरिवारका सदस्यहरू छन् जसमा ३११ जनाको एक वर्ष भित्र विवाह भएको थियो। एक प्रत्यक्ष अन्तर्वार्ता उत्तरदाताको लिखित सहमतिमा लिइएको थियो जुन मोबाइल फोनमा रेकर्ड गरिएको थियो।

समुदायमा गणकहरुले विवाह भएको घर पत्ता लगाउन स्नोबल नमूना प्रविधि प्रयोग गरिएको थियो। गणकहरूले विवाह भएको घर घरपरिवारको बारेमा समुदायमा कोहि एक जनासँग लिई सो घरमा अन्तर्वार्ता लिन्छन् । त्यसपछी सो अन्तर्वार्ता दिने व्यक्ति सगै त्यस समुदायमा अरु दोस्रो विवाह भएको घरको बारेमा जानकारीलिई अन्तर्वार्ताको लागि दोस्रो घरमा जाने गर्दछन् ।

## २.४ डाटा सङ्कलन विधि

सर्वेक्षणका लागि मोबाइलमा आधारित डाटा सङ्कलनका लागि निःशुल्क र खुला स्रोत सफ्टवेयर कोबो टूलबक्समा (KoBo Toolbox) प्रश्नावली मा डिजाइन गरिएको थियो । मोबाईलमा कोबो कलेक्ट एप डाउनलोड गरि सो मार्फत घरपरिवार सर्वेक्षण गरिएको थियो । यो अन्तर्वार्ता अवधिमा घरमा उपस्थित अभिभावक वा घरपरिवार प्रमुख वा घरपरिवारका सदस्यहरूलाई समावेस गरिएको थियो।

स्थानीय साझेदार संस्थाहरूको सहयोगमा स्थानीय गणकहरू नियुक्त गरिएको थियो। उनीहरूलाई डाटा सङ्कलन आवेदन, प्रश्नावली उपकरण र घरपरिवार छनोट प्रक्रियाबारे दुई दिने तालिम दिइएको थियो तालिमकै दौरान मोबाईलमा आधारीत कोबो कलेक्ट एपसँग परिचित गराइएको थियो । प्रश्नावलीहरू पूर्व-परीक्षण (Pre–test) पछि परिमार्जन गरिएको थियो भने त्यसपछि फिल्डमा डाटा सङ्कलन गरिएको थियो ।

प्रतिवेदनको तयारी वर्णनात्मक सांख्यिकीय विधिहरू (चार्ट, एक्सेल उपकरणमा ग्राफहरू) प्रयोग गरेर विश्लेषण गरिएको थियो।

## २.५ बाल संरक्षण, सहमति र गोपनीयता

तालिमको क्रममा सर्भेक्षण परियोजना कार्य व्यवस्थापन टोलीबाट गणकहरूलाई बाल सुरक्षा नीति/बाल संरक्षण नीति बारे अभिमुखीकरण प्रदान गरिएको थियो । सर्वेक्षणको क्रममा बालबालिका/युवा मानिसहरूलाई दुर्वव्यवहार वा दुर्वव्यवहार हुन सक्ने कुराबाट रोक्न वा प्लान इन्टरनेशनलको बालबालिका र युवाहरू (SCYP) सुरक्षा नीति, “बालबालिका र युवाहरूलाई सुरक्षित र सुरक्षित राख्नको लागि हो भन्नेलाई कडाइका साथ पालना गरिएको थियो । । गणनाकर्ताहरूको तालिममा MERL टोलीद्वारा गणकहरूलाई अनुसन्धान नैतिक विधि प्रदान गरिएको थियो । गणकर्ताहरूले उत्तरदाताको उमेर १८ वर्ष भन्दा कम छ भने, उसको/उनको अभिभावकबाट अनुमति प्राप्त गरिएको थियो। अध्ययन टोलीले सबै सहभागीहरूलाई अध्ययनको उद्देश्यहरू, तिनीहरूको स्वैच्छिक संलग्नता, तथ्याङ्क गोपनीयता, तथ्याङ्कको प्रयोग र उनीहरूको नाम प्रतिवेदनमा उल्लखे नहुने जस्ता कुरा बारे जानकारी गराएको थियो ।

तथ्याङ्क सङ्कलनका सबै चरणहरूमा बालबालिका र युवाहरूलाई हानिबाट जोगिन र यस अध्ययनमा सबै सहभागीहरूको सुरक्षित सहभागिता सुनिश्चित गर्नका लागि उपयुक्त न्यूनीकरणका उपायहरू अवलम्बन गर्नका लागि गणकहरूलाई अभिमुखीकरण गरिएको थियो।

## २.६ तथ्याङ्क गुणस्तर आश्वासन, तथ्याङ्क व्यवस्थापन र तथ्याङ्क विश्लेषण

घरपरिवारसँग सोधिएको प्रश्नावलीहरू परियोजना टोली, स्थानीय सरकार लगायत साझेदारहरूसँग उहाँहरूको समीक्षा सुझाव र प्रतिक्रियाको लागि प्रदान गरिएको थियो। प्रतिक्रिया/सुझावहरू अन्तिम संस्करणमा समावेश गरि कोबो कलेक्टमा फारम डिजाइन गरिएको थियो । समुदायमा तथ्याङ्क सङ्कलन गर्नुअघि अध्ययन टोलीद्वारा पूर्व-परीक्षण गरिएको थियो । परियोजना स्थानहरूमा तथ्याङ्क सङ्कलन लगि मोबाइल एप्समा आधारित कोबो टूलबक्स प्रयोग गरिएको थियो।
सङ्कलन गरिएको तथ्याङ्क इलेक्ट्रोनिक प्रोटोकल र उपकरणहरू प्रयोग गरी व्यवस्थित गरिएको थियो । वर्णनात्मक सांख्यिकीय उपकरणहरू जस्तै फ्रिक्वेन्सी, प्रतिशत, ग्राफ आदि, सम्भव भएसम्म विश्लेषण गर्न प्रयोग गरियो।

२.७ अध्ययनको सीमितता

- अध्ययनका निष्कर्षहरू परियोजना अध्ययन स्थानहरू भित्रको जनसंख्यामा सीमित छन् र कुनै अन्य जनसांख्यिकीयमा लागू नहुन सक्छ ।
- अध्ययनका निष्कर्षहरू अन्तर्वार्ताका सहभागीहरूको व्याख्यामा सीमित छन् ।
- अध्ययन क्षेत्र/परियोजना स्थानहरूमा अन्य विकास परियोजनाहरू र कार्यक्रमहरू चलिरहेका छन् जसले वालविवाहको न्यूनिकरणमा योगदान पुऱ्याउन सक्छन् ।


# एकाइ ३ तथ्यांक विश्लेषण र निष्कर्ष (Data Analysis and Findings)

## ३.१ उत्तरदाताहरूको सामान्य जानकारी

नरहरीनाथ गाउँपालिकामा ७१ महिला र १०८ पुरुष गरी १७९ जनासंग प्रश्नावली सोधिएको थियो । सहभागीहरुको कुल घरपरिवारका सदस्यहरूको संख्या १०४१ (५०२ महिला र ५३९ पुरुष ) रहेको छन । ती घरपरिवारका संख्याहरु मध्ये ३११ जनाको एक वर्ष भित्र विवाह भएको थिया । अपाङ्गता भएका जनसंख्या १ जना रहेको छ ।

### ३.१.१ उत्तरदाताहरुको लैङ्गिक तथा जात/जाति विवरण

१७९ जना उत्तरदाताहरुमध्ये ७१ जना (४० प्रतिशत) महिला र १०८ जना (६० प्रतिशत) पुरुष सहभागीहरुले यस सर्वेक्षणमा भाग लिनु भएको थियो । यस पालिकामा वडागत विवरण हेर्दा वडा नं. ९ र ४ मा बढि सहभागिता रहेको देखियो र महिला सहभागिता वडा नं. ७ र ८ मा बढि रहेको पाइयो ।




*फिगर १: लैङ्गिक विवरण*

| वडा नं. | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| १ | १० | ५६% | ८ | ४४% | १८ |
| २ | ८ | ३८% | १३ | ६२% | २१ |
| ३ | ३ | ३३% | ६ | ६७% | ९ |
| ४ | ४ | १३% | २६ | ८७% | ३० |
| ५ | ४ | २७% | ११ | ७३% | १५ |
| ६ | ७ | ५०% | ७ | ५०% | १४ |
| ७ | १५ | ६८% | ७ | ३२% | २२ |
| ८ | ११ | ६१% | ७ | ३९% | १८ |
| ९ | ९ | २८% | २३ | ७२% | ३२ |
| **जम्मा** | ७१ | **४०%** | १०८ | **६०%** | **१७९** |

*तालिका १:वडागत लैङ्गिक विवरण*

यस पालिकामा अरु जातजाति भन्दा ब्राम्हण क्षेत्री बहुल्यता रहेको पाइन्छ र त्यसपछिको बढी सहभागिता पहाडी दलित रहेका छन् । तालिका १ मा देखाएजस्तै १७९ जना सहभागी मध्ये ११७ जना *६५%* ब्राम्हण क्षेत्री र ५७ जना *३२%* पहाडी दलित रहेका छन र अन्य जातिका मात्र ५ *३%* जना मात्र रहेका छन ।

| जात/जाति | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| तराई दलित | ० | ०% | २ | १% | २ | १% |
| पहाडी दलित | २७ | १५% | ३० | १७% | ५७ | ३२% |
| तराई जनजाति | ० | ०% | १ | १% | १ | १% |
| ब्राह्मण/क्षेत्री | ४२ | २३% | ७५ | ४२% | ११७ | ६५% |
| अन्य | २ | १% | ० | ०% | २ | १% |
| **कूल जम्मा** | **७१** | **४०%** | **१०८** | **६०%** | **१७९** | **१००%** |

*तालिका २ : जात/जातिको विवरण*

### ३.१.२ उत्तरदाताहरुको वडागत उमेरसमुहको विवरण:

तल देखाइएको तालिका नम्बर ३ मा उत्तरदाताहरुको उमेरसमुहको विवण हेर्दा ४६ प्रतिशत उत्तरदाताहरु ४१ देखि ६० वर्ष उमेर समुहको पाइयो भने ३४ प्रतिशत उत्तरदाताहरु २० देखि ४० वर्ष उमेर समुहको र ८ प्रतिशत ६१ वर्ष भन्दा माथिका उत्तरदाताहरु रहेको पाइयो । डाटा संकलन कर्ताहरुलाइ घरमा जाने बुझेको या घरमूलि बाट तथ्याङ्कको बारेमा

सोधपूछ गर्ने भनेर अभिमुखिकरण गरिएको र भने अनुरुप नै तथ्याङ्क संकलन भएको पुष्टि यस बाट गर्न सकिन्छ । वडागत विवरण तलको तलिकामा प्रस्तूत गरिएको छ ।

| व8ा नम्बर | २० वर्ष मुनि | | २० देखि ४० वर्ष उमेर समुह | | ४१ देखि ६० वर्ष उमेर समुह | | ६१ वर्ष भन्दा माथिका | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ५ | २८% | ६ | ३३% | ६ | ३३% | १ | ६% | १८ |
| वडा न-२ | १ | ५% | ६ | २९% | १२ | ५७% | २ | १०% | २१ |
| वडा न-३ | १ | ११% | २ | २२% | ५ | ५६% | १ | ११% | ९ |
| वडा न-४ | ० | ०% | ९ | ३०% | १८ | ६०% | ३ | १०% | ३० |
| वडा न-५ | ४ | २७% | ७ | ४७% | ४ | २७% | ० | ०% | १५ |
| वडा न-६ | १ | ७% | ६ | ४३% | ७ | ५०% | ० | ०% | १४ |
| वडा न-७ | ४ | १८% | ९ | ४१% | ७ | ३२% | २ | ९% | २२ |
| वडा न-८ | ४ | २२% | ९ | ५०% | ४ | २२% | १ | ६% | १८ |
| वडा न-९ | ० | ०% | ७ | २२% | २० | ६३% | ५ | १६% | ३२ |
| | २० | ११% | ६१ | ३४% | ८३ | ४६% | १५ | ८% | १७९ |

तालिका ३ : वडागत उमेरसमुहको विवरण:

### ३.१.३ विवाह गर्ने कानुनी उमेर बारे जानकारी

तलिका ३ मा देखाए जस्तै, यो अध्ययनमा सहभागि भएका १७९ घरपरिवार मध्य समग्रमा ५० प्रतिशत सहभागिलाई मात्र विवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर ४ र १ मा क्रमश: १००% र ९४% सहभागिलाई थाह भएको पाईयो । त्यसैगरि विवाह गर्ने कानुनी उमेर बारे कम जानकारी भएका वडाहरु ५, ६, ७, ९, २ र ८ रहेका छन जसमा क्रमश: ९३%, ९७%, ६८%, ६३%, ६२%, र ६१% सहभागीहरुलाइ विवाह गर्ने कानुनी उमेर बारे कम जानकारी भएको पाइयो ।

| वडा नं. | थाह भएका | | | | | | थाह नभएको | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | ९ | ५०% | ८ | ४४% | १७ | ९४% | १ | ६% | | ०% | १ | ६% | १८ |
| २ | ३ | १४% | ५ | २४% | ८ | ३८% | ५ | २४% | ८ | ३८% | १३ | ६२% | २१ |
| ३ | २ | २२% | ३ | ३३% | ५ | ५६% | १ | ११% | ३ | ३३% | ४ | ४४% | ९ |
| ४ | ४ | १३% | २६ | ८७% | ३० | १००% | | ०% | | ०% | ० | ०% | ३० |
| ५ | | ०% | १ | ७% | १ | ७% | ४ | २७% | १० | ६७% | १४ | ९३% | १५ |
| ६ | २ | १४% | १ | ७% | ३ | २१% | ५ | ३६% | ६ | ४३% | ११ | ७९% | १४ |
| ७ | ४ | १८% | ३ | १४% | ७ | ३२% | ११ | ५०% | ४ | १८% | १५ | ६८% | २२ |
| ८ | २ | ११% | ५ | २८% | ७ | ३९% | ९ | ५०% | २ | ११% | ११ | ६१% | १८ |
| ९ | ३ | ९% | ९ | २८% | १२ | ३८% | ६ | १९% | १४ | ४४% | २० | ६३% | ३२ |
| जम्मा | २९ | १६% | ६१ | ३४% | ९० | ५०% | ४२ | २३% | ४७ | २६% | ८९ | ५०% | १७९ |

*तालिका ४ : विवाह गर्ने कानुनी उमेर बारे जानकारी*


समग्रमा विवाह गर्ने कानूनी उमेर थाह भएका ५० प्रतिशत सहभागिहरु मध्ये १६ प्रतिशत महिला तथा ३४ प्रतिशत पुरुषहरुलाई जानकारी भएको पाईयो । वडागत रुपमा लैङ्गिक अनुसार विवाह गर्ने कानूनी उमेर थाह भएको र थाह नभएको विस्तृत विवरण तालिका नम्बर ३ मा प्रस्तुत गरीएको छ ।

## ३.२ बालविवाह


### ३.२.१ नगरपालिकामा बालबिवाहको अवस्था

यस नगरपालिकाको विगत तीन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा **सन २०२० मा ७४ प्रतिशत, सन २०२१ मा ६७ प्रतिशत र सन २०२२ मा ५२ प्रतिशत बाल विवाह र छिटो विवाहको दर पाईयो** । बाल विवाह र छिटो विवाहको व्यापकताको दर क्रमशः घटेको देखिएको पाईएतापनि ५२ प्रतिशत बाल विवाह र छिटो विवाह हुनु भनेको नेपालको औषत दर भन्दा धेरै बढी हो । त्यसैगरि **लैङ्गिक** विवरण हेर्दा १६१ बालविवाह मध्य १०५ जना (६५ प्रतिशत) किशोरीहरु बालविवाहमा परेको देखिन्छ ।

गतवर्ष (सन २०२१) र यो वर्ष (सन २०२२) को नरहरीनाथ गाउँपालिकाका वडागत व्यापकता सर्वेक्षणको नतिजा




फिगर २ बालविवाह व्यापकता सर्वेक्षणको नतिजा




फिगर ३ बालविवाहको लैङ्गिक विवरण


तलको तलिकामा देखाइएको छ । वडागत आवस्था हेर्दा वडा नम्बर ५ र ७ मा सबभन्दा बढी बालविवाह भएको नतिजाले देखाउँछ । तुलनात्मक विष्लेशण गर्दा अरु सबै वडामा घटेको देखिए तपनि सन्तुष्टिपुर्ण नतिजा नरहेको साथै वडा नम्बर ३ मा बालविवाह गतवर्षको तुलनामामा ७ प्रतिशतले बढेको देखिन्छ ।

| वडा नम्बर | सन २०२१ | | | सन २०२२ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा विवाह | बाल बिवाह | प्रतिशत | जम्मा विवाह | बाल बिवाह | प्रतिशत |
| वडा न-१ | ६७ | ३७ | ५५% | ३५ | १९ | ५४% |
| वडा न-२ | ६८ | ५२ | ७६% | ३९ | २२ | ५६% |
| वडा न-३ | ३८ | २२ | ५८% | २० | १३ | ६५% |
| वडा न-४ | ३१ | २२ | ७१% | ५७ | २८ | ४९% |
| वडा न-५ | ४६ | ४२ | ९१% | २६ | २० | ७७% |
| वडा न-६ | ६२ | ३७ | ६०% | २७ | १० | ३७% |
| वडा न-७ | २९ | २६ | ९०% | ४० | २४ | ६०% |
| वडा न-८ | ५९ | ४० | ६८% | ३४ | १३ | ३८% |
| वडा न-९ | ६५ | ३३ | ५१% | ३३ | १२ | ३६% |
| जम्मा | ४६५ | ३११ | ६७% | ३११ | १६१ | ५२% |

तालिका ४ दुईवर्षको वडागत बालविलाहको तुलनात्मक विवरण

### ३.२.२ जातिगत तथा वडागत बाल विवाह, छिटो हुने विवाहको विवरण :

जातिगत विवरण हेर्दा यो वर्षमा नरहरीनाथ गाउंपालिकामा जम्मा ३११ विवाहहरु भएको पाइन्छ । विवाह गर्नेहरुको जातिगत विवरण हेर्दा मध्ये सबै भन्दा बढि २१० विवाह ब्राहमण र क्षेत्रीमा , ९७ दलित, २ वटा जनजाति र २ वटा विवाह अन्य जातजातिमा भएको देखिन्छ । बालविवाहको दर हेर्दा जनजति समुदायमा गरिएको २ विवाह मध्ये २ नै बालविवाह रहेको देखिन्छ जु प्रतिशतमा हेर्ने हो भने १०० प्रतिशत देखिन्छ । त्यसैगरि दलित समुदायमा हेर्ने हो भने ९७ विवाह मध्येको ५४ वटा विवाह बालविवाह भएको पाइन्छ जुन ५६ प्रतिशत रहेको छ । ब्राहमण र क्षेत्रीमा समुदायमा भएका २१० विवाह मध्ये १०६ विवाह बालविवाह रहेको पाइन्छ, जुन लगभग ५० प्रतिशत भएको देखिन्छ ।




*फिगर ४ : जम्मा विवाह र बालविवाहको जातिगत विवरण*

| वडा | २० वर्ष मुनि भएका विवाह | | | | | | | २० वर्ष पारि भएका विवाह | | | | | | | | | जम्मा विवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहम्ण/ क्षत्री | % | दलित | % | जनजाति | % | जम्मा | ब्राहम्ण/ क्षत्री | % | दलित | % | जनजाति | % | अन्य | % | जम्मा | |
| १ | १७ | ४९% | २ | ६% | | ०% | १९ | १४ | ४०% | २ | ६% | | ०% | | ०% | १६ | ३५ |
| २ | ३ | ८% | १९ | ४९% | | ०% | २२ | ६ | १५% | ११ | २८% | | ०% | | ०% | १७ | ३९ |
| ३ | ७ | ३५% | ५ | २५% | १ | ५% | १३ | ३ | १५% | ३ | १५% | १ | ५% | | ०% | ७ | २० |
| ४ | २४ | ४२% | ४ | ७% | | ०% | २८ | २७ | ४७% | २ | ४% | | ०% | | ०% | २९ | ५७ |
| ५ | २० | ७७% | | ०% | | ०% | २० | ६ | २३% | | ०% | | ०% | | ०% | ६ | २६ |
| ६ | ३ | ११% | ७ | २६% | | ०% | १० | ६ | २२% | ११ | ४१% | | ०% | | ०% | १७ | २७ |
| ७ | १५ | ३८% | ९ | २३% | | ०% | २४ | १४ | ३५% | २ | ५% | | ०% | | ०% | १६ | ४० |
| ८ | १३ | ३८% | | ०% | | ०% | १३ | २१ | ६२% | | ०% | | ०% | | ०% | २१ | ३४ |
| ९ | ४ | १२% | ८ | २४% | | ०% | १२ | ७ | २१% | १२ | ३६% | | ०% | २ | ६% | २१ | ३३ |
| **जम्मा** | १०६ | ३४% | ५४ | १७% | १ | ०% | १६१ | १०४ | ३३% | ४३ | १४% | १ | ०% | २ | १% | १५० | ३११ |

*तालिका ५: जातिगत तथा वडागत बाल विवाह, छिटो हुने विवाहको विवरण*

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने वाल विवाह र छिटो विवाह सबै भन्दा बढी ३४% ब्राहमण क्षेत्री समुदायमा भएको पाईयो भने १७% दलित समुदायमा भएको पाईयो । वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडा नम्बर ५ मा ७७% वडा नम्बर १ मा ४९%, र वडा नम्बर  ४ मा ४२% वाल विवाह र छिटो विवाहको ब्राहमण/क्षत्री जातियमा पाइयो । त्यसैगरि दलित समुदायमा हेर्ने हो भने सबै भन्दा बढी वडा नम्बर २ मा ४९% वडा नम्बर ६ मा २६% र वडा नम्बर ३ मा २५% वाल विवाह र छिटो विवाहको चलन रहेको देखियो

### ३.२.३ विवाहको प्रकार तथा वडागत विवाहको विवरण


| वडा | २० वर्ष मुनि भएका विवाह | | | | | | २० वर्ष पारि भएका विवाह | | | | | | जम्मा विवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावकले गरिदिएको विवाह | % | आफैले विवाह गरेका | % | जम्मा | % | अभिभावकले गरिदिएको विवाह | % | आफैले विवाह गरेका | % | जम्मा | % | |
| १ | ० | ०% | १९ | ५४% | १९ | ५४% | ० | ०% | १६ | ४६% | १६ | ४६% | ३५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ० | ०% | २२ | ५६% | २२ | ५६% | ० | ०% | १७ | ४४% | १७ | ४४% | ३९ |
| ३ | ० | ०% | १३ | ६५% | १३ | ६५% | ० | ०% | ७ | ३५% | ७ | ३५% | २० |
| ४ | ० | ०% | २८ | ४९% | २८ | ४९% | ० | ०% | २९ | ५१% | २९ | ५१% | ५७ |
| ५ | ० | ०% | २० | ७७% | २० | ७७% | ० | ०% | ६ | २३% | ६ | २३% | २६ |
| ६ | ० | ०% | १० | ३७% | १० | ३७% | ० | ०% | १७ | ६३% | १७ | ६३% | २७ |
| ७ | ० | ०% | २४ | ६०% | २४ | ६०% | ० | ०% | १६ | ४०% | १६ | ४०% | ४० |
| ८ | ० | ०% | १३ | ३८% | १३ | ३८% | १ | ३% | २० | ६२% | २१ | ५९% | ३४ |
| ९ | ० | ०% | १२ | ३६% | १२ | ३६% | ० | ०% | २१ | ६४% | २१ | ६४% | ३३ |
| जम्मा | ० | ०% | १६१ | ५२% | १६१ | ५२% | १ | ३% | १५० | ४८% | १५० | ४८% | ३११ |

*तालिका ६: विवाहको प्रकार तथा वडागत विवाहको विवरण*

बाल बिवाहमा केटाकेटी १०० प्रतिशत आफैले पहल गरेर विवाह गरेको विवाह पाइयो ।

## ३.२.४ वाल विवाह र छिटो विवाहको प्रकार, लैङ्गिक तथा वडागत अनुसार विवाहको विवरण





फिगर ५: वाल विवाह र छिटो विवाहको प्रकार, लैङ्गिक तथा वडागत अनुसार विवाहको विवरण

यो एक वर्षको अवधिमा जम्मा वाल विवाह र छिटो विवाहहरु शतप्रतिशत नै बालबालिकाले आफ्नै पहलमा गरेको पाईयो । आफैले विवाह गरेको १६१ बाल विवाह र छीटो विवाह मध्ये १०५ जना ( ६५% ) महिलाको र बाकी ५६ जना ( ३५%) पुरुषहरुले आफै विवाह गरेको पाईयो । आफैले विवाह गरेको वाल विवाह र छिटो विवाहको महिला तथा पुरुषहरुको हकमा वडागत विवरण चार्ट नं. ५ मा देखाइएको छ ।

## ३.२.५ बिवाह दर्ताको चलन

| २० वर्ष पारीको विवाहहरुको वडागत तथा लैङ्गिक अनुसार बिवाह दर्ता विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | विवाह दर्ता भएको | | | | | | विवाह दर्ता नभएको | | | | | | जम्मा |
| | महिला | % | पुरुष | % | जम्मा | % | महिला | % | पुरुष | % | जम्मा | % | |
| १ | २ | १३% | १ | ६% | ३ | १९% | ६ | ३८% | ७ | ४४% | १३ | ८१% | १६ |
| २ | ३ | १८% | २ | १२% | ५ | २९% | ६ | ३५% | ६ | ३५% | १२ | ७१% | १७ |
| ३ | | ०% | | ०% | ० | ०% | ३ | ४३% | ४ | ५७% | ७ | १००% | ७ |
| ४ | १ | ३% | २ | ७% | ३ | १०% | १३ | ४५% | १३ | ४५% | २६ | ९०% | २९ |
| ५ | | ०% | १ | १७% | १ | १७% | १ | १७% | ४ | ६७% | ५ | ८३% | ६ |
| ६ | १ | ६% | १ | ६% | २ | १२% | ७ | ४१% | ८ | ४७% | १५ | ८८% | १७ |
| ७ | १ | ६% | २ | १३% | ३ | १९% | ५ | ३१% | ८ | ५०% | १३ | ८१% | १६ |
| ८ | २ | १०% | २ | १०% | ४ | १९% | ७ | ३३% | १० | ४८% | १७ | ८१% | २१ |
| ९ | १ | ५% | | ०% | १ | ५% | २० | ९५% | | ०% | २० | ९५% | २१ |
| जम्मा | ११ | ७.५% | ११ | ७.५% | २२ | १५% | ६८ | ४५% | ६० | ४०% | १२८ | ८५% | १५० |

*तालिका ७: २० वर्ष पारीको विवाहहरुको वडागत तथा लैङ्गिक अनुसार बिवाह दर्ता विवरण*




फिगर ६: बिवाह दर्ता / भए नभएको विवरण

२० वर्ष उमेर पछि बिवाह भएको जम्मा १५० विवाहित मध्ये जम्मा २२ जनाले विवाह दर्ता गराइएको पाइयो जुन जम्मा २० वर्ष उमेर पछि भएको विवाहको १५% जनाउँछ तसर्थ ८५% नव विवाहित जोडीले विवाह दर्ता नलिएको देखिन्छ । दर्ता भएका १५% हरुमध्ये महिला र पुरुषको लैङ्गिक रुपमा देख्ने हो भने क्रमशः बराबर ७.५% रहेको छ । त्यसैगरि विवाह दर्ता नभएका मध्ये ४५% महिला र ४०% पुरुषले विवाह दर्ता नलिएको देखिन्छ ।


वडागत रुपमा विवाह दर्ता भए नभएको डाटा हेर्दा सबै भन्दा बढी विवाह दर्ता गराएका वडा नम्बर २ मा २९% वर विवाह दर्ता नभएकाहरु मध्ये सबै भन्दा बढि वडा नम्बर ३ मा, वडा नम्बर ९ मा र वडा नम्बर ४ मा क्रमशः १०० %, ९५% र ९०% नव विवाहित जोडीले विवाह दर्ता नालिएको देखिन्छ । उक्त डाटाले यस नरहरिनाथ गाउँपालिकामा महिला र पुरुष दुबै समूहमा बिवाह दर्ता गर्ने चलन कम रहेको पाईयो यसर्थ बिवाह दर्ताको महत्वको विषयमा समुदायमा जनचेतना जगाउनु जरुरी देखियो ।

## ३.२.६ बिवाह अघि र बिवाह पछिको शैक्षिक अवस्था

| वडा नम्बर | बिवाह पूर्व बिध्यालयमा रहेका | | | | | | | बिवाह पश्चात बिध्यालयमा रहेका | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | स्नातक तह वा सो भन्दा माथि | | जम्मा | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | स्नातक तह वा सो भन्दा माथि | | जम्मा |
| वडा न-१ | २ | ६% | २७ | ८२% | ४ | १२% | ३३ | २ | ६% | २७ | ८२% | ४ | १२% | ३३ |
| वडा न-२ | ९ | २५% | २५ | ६९% | २ | ६% | ३६ | ४ | १५% | १५ | ५६% | ८ | ३०% | २७ |
| वडा न-३ | ३ | १७% | १५ | ८३% | ० | ०% | १८ | ३ | १८% | १४ | ८२% | ० | ०% | १७ |
| वडा न-४ | ० | ०% | ५४ | १००% | ० | ०% | ५४ | ० | ०% | ५० | १००% | ० | ०% | ५० |
| वडा न-५ | १ | ६% | १४ | ८८% | १ | ६% | १६ | ० | ०% | ११ | ९२% | १ | ८% | १२ |
| वडा न-६ | ३ | १९% | ११ | ६९% | २ | १३% | १६ | २ | १३% | १० | ६७% | ३ | २०% | १५ |
| वडा न-७ | ३ | ८% | २९ | ८१% | ४ | ११% | ३६ | २ | ६% | २४ | ७७% | ५ | १६% | ३१ |
| वडा न-८ | १ | ३% | २९ | ८५% | ४ | १२% | ३४ | ० | ०% | ३० | ८८% | ४ | १२% | ३४ |
| वडा न-९ | १० | ३१% | २२ | ६९% | ० | ०% | ३२ | ४ | १३% | २६ | ८७% | ० | ०% | ३० |
| जम्मा | ३२ | १२% | २२६ | ८२% | १७ | ६% | २७५ | १७ | ७% | २०७ | ८३% | २५ | १०% | २४९ |

तालिका ८: बिवाह अघि र पछिको शैक्षिक आवस्थाको विवरण

माथिको तालिकामा हेर्दा विवाह पश्चात २७५ जना कुनै न कुनै तहमा विद्यालयमा नियमित रहेको देखिन्छ तर विवाह पश्चात २४९ जनाले मात्र शिक्षा नियमित गरेको पाइन्छ । २६ जना (९%) ले विवाह पश्चात पढाई छोडेको देखिन्छ ।




फिगर ७: बिवाह अघि र पछिको शैक्षिक आवस्थाको विवरण

शिक्षाको स्तर विश्लेषण गर्दा अधारभूत तहमा विवाहपूर्व ३२ जना नियमित पढाइ गरिरहेको देखिन्छ तर विवाह पश्चात १७ जना मात्र नियमित रहेको पाइयो, विवाह पश्चात लगभग ४७% ले शिक्षामा नियमितता नपाएको देखिन्छ । त्यसैगरि माध्यामिक तहमा विवाहपश्चात २२६ जना नियमित पढाई रहेको देखिन्छ तर विवाह पश्चात लगभग ८ प्रतिशत ले घटेर २०७ जना मात्र नियमित रहेको पाइन्छ ।

## विवाह हुँदाको शैक्षिक आवस्थाको विवरण

| वडा नम्बर | २० वर्ष मुनि भएका विवाह | | | | | | | | २० वर्ष पारि भएका विवाह | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कहिलै बिध्यालय नगएको | | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | जम्मा | | कहिलै बिध्यालय नगएको | | आधारभूत तहसम्म | | माध्यामिक तहसम्म | | स्नातक तह वा सो भन्दा माथि | | जम्मा | | |
| १ | | ०% | १ | ३% | १८ | ५१% | १९ | ५४% | २ | ६% | १ | ३% | ९ | २६% | ४ | ११% | १६ | ४६% | ३५ |
| २ | १ | ३% | ६ | १५% | १५ | ३८% | २२ | ५६% | २ | ५% | ३ | ८% | १० | २६% | २ | ५% | १७ | ४४% | ३९ |
| ३ | १ | ५% | २ | १०% | १० | ५०% | १३ | ६५% | १ | ५% | १ | ५% | ५ | २५% | | ०% | ७ | ३५% | २० |
| ४ | २ | ४% | | ०% | २६ | ४६% | २८ | ४९% | १ | २% | | ०% | २८ | ४९% | | ०% | २९ | ५१% | ५७ |
| ५ | ७ | २७% | १ | ४% | १२ | ४६% | २० | ७७% | ३ | १२% | | ०% | २ | ८% | १ | ४% | ६ | २३% | २६ |
| ६ | ४ | १५% | २ | ७% | ४ | १५% | १० | ३७% | ७ | २६% | १ | ४% | ७ | २६% | २ | ७% | १७ | ६३% | २७ |
| ७ | १ | ३% | ३ | ८% | २० | ५०% | २४ | ६०% | ३ | ८% | | ०% | ९ | २३% | ४ | १०% | १६ | ४०% | ४० |
| ८ | | ०% | १ | ३% | १२ | ३५% | १३ | ३८% | | ०% | | ०% | १७ | ५०% | ४ | १२% | २१ | ६२% | ३४ |
| ९ | | ०% | ५ | १५% | ७ | २१% | १२ | ३६% | १ | ३% | ५ | १५% | १५ | ४५% | | ०% | २१ | ६४% | ३३ |
| जम्मा | १६ | ५% | २१ | ७% | १२४ | ४०% | १६१ | ५२% | २० | ६% | ११ | ४% | १०२ | ३३% | १७ | ५% | १५० | ४८% | ३११ |

तालिका ९: बिवाह हुँदाको शैक्षिक आवस्थाको विवरण

माथि दिएको तालिकामा हेर्दा नरहरीनाथ गाँउपालिकाको सन् २०२२ मा बाल बिवाह भएको ५२ प्रतिशत मध्ये अधिकतम ४० प्रतिशतको बाल बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने २१ प्रतिशत आधारभूत तहसम्म र बाकी १६ प्रतिशत बिध्यालय नगएकाहरुमा बाल बिवाह भएको पाईयो । त्यसैगरि २० वर्ष माथि उमेरको बिवाह मध्ये अधिकतम ३३ प्रतिशत बिवाह माध्यामिक तहसम्म अध्ययन गरेकाहरु माझ भएको छ भने ५ प्रतिशत स्नातक वा सो भन्दा माथि अध्ययन गरेका, ४ प्रतिशत आधारभूत तहसम्म र ६ प्रतिशत बिध्यालय नगएकाहरुमा बिवाह भएको पाईयो । तुलनात्मक रुपमा हेर्दा २० वर्ष पारी विवाह गरेकाहरुमा बिध्यालय नगएकाहरु कम देखिन्छन साथै स्नातक सम्मको शिक्षा समेत हसिल गरेको पनि पाइयो ।

## ३.२.७ बिवाह तथा गर्भावस्थाको विवरण

| वडा नम्बर | २० वर्ष मुनि भएका विवाह | | | | | २० वर्ष पारि भएका विवाह | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्भावस्था भएको | | गर्भावस्था नभएको | | जम्मा | गर्भावस्था भएको | | गर्भावस्था नभएको | | जम्मा | |
| वडा न-१ | | ०% | १९ | ५४% | १९ | | ०% | १६ | ४६% | १६ | ३५ |
| वडा न-२ | | ०% | २२ | ५६% | २२ | १ | ३% | १६ | ४१% | १७ | ३९ |
| वडा न-३ | | ०% | १३ | ६५% | १३ | २ | १०% | ५ | २५% | ७ | २० |
| वडा न-४ | ६ | ११% | २२ | ३९% | २८ | ३ | ५% | २६ | ४६% | २९ | ५७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-५ | १ | ४% | १९ | ७३% | २० | | ०% | ६ | २३% | ६ | २६ |
| वडा न-६ | | ०% | १० | ३७% | १० | २ | ७% | १५ | ५६% | १७ | २७ |
| वडा न-७ | ३ | ८% | २१ | ५३% | २४ | १ | ३% | १५ | ३८% | १६ | ४० |
| वडा न-८ | १ | ३% | १२ | ३५% | १३ | | ०% | २१ | ६२% | २१ | ३४ |
| वडा न-९ | ३ | ९% | ९ | २७% | १२ | १ | ३% | २० | ६१% | २१ | ३३ |
| जम्मा | १४ | ५% | १४७ | ४७% | १६१ | १० | ३% | १४० | ४५% | १५० | ३११ |

तालिका १०: २० वर्ष मुनि र २० वर्ष पारी भएबको बिवाह तथा गर्भावस्याको विवरण

सन २०२२ मा बिवाह भएका सम्पूर्ण महिलाहरु मध्ये ८ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये ५ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ। बालविवाहको हकमा, सबैभन्दा बढि वडा नं. ४ मा २८ वटा बालविवाह मध्ये ६ जना गर्भवती भएको देखिन्छ। बालविवाह पश्चात कम उमेरमै गर्भवती हुने चलन कम नै देखिए तपनि बालविवाह गरेका बालिकाहरुलाई उचित स्याहार तथा कम उमेरमै गर्भवती नहुने सम्बन्धि कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ।

## ३.२.८ बाल बिवाहका कारणहरू

| वडा नम्बर | सामाजिक परम्परा | % | गरीबि | % | उमेर सँग सँगै दाईजो बढ्ने | % | राम्रो परिवारको प्रस्ताव आएकोले | % | आफैप्रेम सम्बन्ध भएर | % | साथिहरुको लहलहैमा लागेर | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ५ | २८% | १० | ५६% | | ०% | | ०% | १३ | ७२% | ४ | २२% | १८ |
| वडा न-२ | ७ | ३३% | ९ | ४३% | | ०% | | ०% | ५ | २४% | १ | ५% | २१ |
| वडा न-३ | २ | २२% | ७ | ७८% | | ०% | | ०% | ९ | १००% | २ | २२% | ९ |
| वडा न-४ | १९ | ६३% | २४ | ८०% | | ०% | | ०% | २५ | ८३% | ४ | १३% | ३० |
| वडा न-५ | ४ | २७% | | ०% | २ | १३% | १ | ७% | १५ | १००% | | ०% | १५ |
| वडा न-६ | ७ | ५०% | ५ | ३६% | ९ | ६४% | १ | ७% | ११ | ७९% | ३ | २१% | १४ |
| वडा न-७ | १२ | ५५% | ५ | २३% | ११ | ५०% | २ | ९% | १७ | ७७% | १० | ४५% | २२ |
| वडा न-८ | १२ | ६७% | | ०% | | ०% | | ०% | १६ | ८९% | ३ | १७% | १८ |
| वडा न-९ | ३१ | ९७% | १७ | ५३% | १४ | ४४% | ५ | १६% | ८ | २५% | ३ | ९% | ३२ |
| जम्मा | ९९ | ५५% | ७७ | ४३% | ३६ | २०% | ९ | ५% | ११९ | ६६% | ३० | १७% | १७९ |

तालिका ११ (क): बाल बिवाहका कारणहरू

| वडा नम्बर | अपांगता भएर | % | सामाजिक सँजालको बढदो प्रयोग | % | जबरजस्ती यौनकरणीको डरले | % | अशिक्षित वा नजानेर | % | अन्य | % | थहा छैन | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ० | ०% | ३ | १७% | ० | ०% | ० | ०% | | ०% | १ | ६% | १८ |
| वडा न-२ | ० | ०% | १ | ५% | ० | ०% | ० | ०% | | ०% | ० | ०% | २१ |
| वडा न-३ | ० | ०% | ४ | ४४% | १ | ११% | १ | ११% | | ०% | ० | ०% | ९ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | १ | ३% | | ०% | ३ | १०% | ३० |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | | ०% | ० | ०% | १५ |
| वडा न-६ | १ | ७% | १ | ७% | ० | ०% | ० | ०% | | ०% | ० | ०% | १४ |
| वडा न-७ | ० | ०% | १ | ५% | ४ | १८% | ० | ०% | | ०% | ० | ०% | २२ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-८ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | | ०% | ० | ०% | १८ |
| वडा न-९ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | २ | ६% | ० | ०% | ३२ |
| जम्मा | १ | १% | १० | ६% | ५ | ३% | २ | १% | २ | १% | ४ | २% | १७९ |

तालिका ११ (ख): बाल बिवाहका कारणहरू

तालिका नं. ११ मा नरहरिनाथ गाँउपालिका मा भएका बिवाह भएका घरधुरीका उत्तरदातालाई समुदायमा हाल पनि बाल बिवाह र कम उमेरमा बिबाहले किन निरन्तरता पाई रहेको छ भनि कारणहरु बारे जान्न खोज्दा ६६ प्रतिशत उत्तरदाताहरुले अहिले आफै प्रेम सम्बन्ध बनाएर भागेर बिवाह गर्ने गरेको चलन बढेको बताएका थिए भने समाजिक परम्परा र गरिबी पनि अर्को बाल बिवाह र कम उमेरमा बिबाह भएका मुख्य कारणहरु रहेको पाइयो । उत्तरदाताहरु अनुसार ५५ प्रतिशत परिवारहरुले समाजिक परम्पराले गर्दा बाल बिवाह र कम उमेरमा बिबाह गर्दिने गरेको हो भने ४३ प्रतिशतले गरीबिको कारणले बाल बिवाह र कम उमेरमा बिबाह गर्ने गरेको यस सर्वेक्षणले देखाएको छ ।

***नोटः यो प्रश्नको लागि बहुउत्तर छनौट गर्ने विकल्पहरु थियो, उत्तरदाताहरुले एकभन्दा बढी कारणहरु छनौट गरेको तथ्यांङ्क माथिको तालिकामा प्रस्तूत गरिएको छ । एकभन्दा बढी कारणहरु छनौट गर्न पाउने विकल्प भएको कारण जम्मा संख्या मिल्दैन ।***

## ३.२.९ बाल बिवाहको अन्त्य गर्न सम्भावित उपायहरु

| वडा नम्बर | बलबालिकाहरु मा चेतनाका जगाएर | % | अभिभावकहरु मा चेतनाका जगाएर | % | कडा कानूनी व्यवस्था लगाएर | % | अनिवार्य शिक्षाको माध्यमबाट | % | बाल क्लब तथा सँरक्षण समितिहरुको सहभागिताले | % | मिडियाको माध्यमबाट जनचेतना फैलाएर | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ८ | ४४% | | ०% | १ | ६% | ५ | २८% | ३ | १७% | १ | ६% | १८ |
| वडा न-२ | २ | १०% | २ | १०% | | ०% | १३ | ६२% | ३ | १४% | | ०% | २१ |
| वडा न-३ | ३ | ३३% | ८ | ८९% | ३ | ३३% | ५ | ५६% | १ | ११% | १ | ११% | ९ |
| वडा न-४ | २६ | ८७% | २० | ६७% | ५ | १७% | १८ | ६०% | २३ | ७७% | १ | ३% | ३० |
| वडा न-५ | १ | ७% | १ | ७% | ८ | ५३% | १५ | १००% | १ | ७% | १ | ७% | १५ |
| वडा न-६ | ४ | २९% | ८ | ५७% | १२ | ८६% | १३ | ९३% | ३ | २१% | १ | ७% | १४ |
| वडा न-७ | १५ | ६८% | १६ | ७३% | २१ | ९५% | १५ | ६८% | १५ | ६८% | ५ | २३% | २२ |
| वडा न-८ | ३ | १७% | १ | ६% | ३ | १७% | १७ | ९४% | १ | ६% | २ | ११% | १८ |
| वडा न-९ | १३ | ४१% | २५ | ७८% | २० | ६३% | ११ | ३४% | ५ | १६% | ६ | १९% | ३२ |
| जम्मा | ७५ | ४२% | ८१ | ४५% | ७३ | ४१% | ११२ | ६३% | ५५ | ३१% | १८ | १०% | १७९ |

तालिका १२ (क): बाल बिवाह अन्त्यका लागि सम्भावित उपायहरु

| वडा नम्बर | आय आर्जनको अवसर सृजना गरेर | % | रोजगारीको अवसर सृजना गरेर | % | उच्च शिक्षाको अवसर सृजना गरेर | % | व्यवसायिक शिक्षाको अवसर सृजना गरेर | % | लागु औषध नियन्त्रण गरेर | % | सडक नाटक को माध्यमबाट | % | यौन तथा प्रजनन स्वस्थ यबारे जानकारी दिएर | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ३ | १७% | ४ | २२% | ५ | २८% | ६ | ३३% | १ | ६% | ० | ०% | ० | ०% | १८ |
| वडा न-२ | ० | ०% | ० | ०% | १ | ५% | ० | ०% | ० | ०% | ० | ०% | १ | ५% | २१ |
| वडा न-३ | ० | ०% | २ | २२% | १ | ११% | २ | २२% | ० | ०% | २ | २२% | ० | ०% | ९ |
| वडा न-४ | ० | ०% | ० | ०% | ० | ०% | १ | ३% | ० | ०% | ० | ०% | ० | ०% | ३० |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १५ |
| वडा न-६ | ० | ०% | ० | ०% | १ | ७% | ० | ०% | ० | ०% | ० | ०% | १ | ७% | १४ |
| वडा न-७ | ४ | १८% | १ | ५% | १ | ५% | १ | ५% | २ | ९% | २ | ९% | २ | ९% | २२ |
| वडा न-८ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १८ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बडा न-९ | ६ | १९% | १ | ३% | १ | ३% | २ | ६% | १ | ३% | ० | ०% | १ | ३% | ३२ |
| जम्मा | १३ | ७% | ८ | ४% | १० | ६% | १२ | ७% | ४ | २% | ४ | २% | ५ | ३% | १७९ |

तालिका १२ (ख): बाल बिवाह अन्त्यका लागि सम्भावित उपायहरु

समुदायमा बाल बिवाह र छिटो बिवाह उन्मूलन वा रोकथाम गर्ने उपायहरुबारे बिवाह भएका घरधुरीका यस नरहरीनाथ गाँउपालिकाका उत्तरदाताहरुसँग हाल पनि बाल बिवाह र कम उमेरमा बिबाहले किन निरन्तरता पाई रहेको छ भने यसलाई कसरी हटाउन वा बाल बिवाह र छिटो बिवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा ६३ प्रतिशत उत्तरहरु अनिवार्य शिक्षाको माध्यमबाट बाल वालिकाहरुलाई सचेत गराइ र शिक्षामा पहुँच बढाइ बालविवाह र कम उमेरमा हुने विवाहको चलन अन्त्य गर्न सकिन्छ भनेर जवाफ दिए भने ४५ प्रतिशत उत्तरहरु अभिभाबकहरुमा जनचेतना जगाएर र ४२ प्रतिशत उत्तरहरु बालबालिकाहरुमा जनचेतना जगाएर यस समुदायमा रहेको बाल बिवाह र कम उमेरमा हुने बिबाहको चलन अन्त्य गर्न सकिन्छ भन्ने उत्तर दिनुभयो ।

***नोटः यो प्रश्नको लागि बहुउत्तर छनौट गर्ने विकल्पहरु थियो, उत्तरदाताहरुले एकभन्दा बढी कारणहरु छनौट गरेको तथ्यांङ्क माथिको तालिकामा प्रस्तूत गरिएको छ । एकभन्दा बढी कारणहरु छनौट गर्न पाउने विकल्प भएको कारण जम्मा संख्या मिल्दैन ।***

## ३.२.१० बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी

| वडा | विद्यालय जान छुट्ने | % | स्वस्थ्य सम्बन्धि समस्या | % | छिटै गर्भवति हुने | % | समाजिक कार्यक्रममा सहभागिता घट्ने | % | बाहिर आवतजावतमा कमि | % | मानसिक स्वस्थ्यमा समस्या | % | आर्थिक समस्या | % | काम तथा जिम्मेवारी बढ्ने | % | परिवारिक कलह | % | लैङ्गिक हिंसा | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | १७% | १६ | ८९% | १ | ६% | १ | ६% | १ | ६% | ३ | १७% | ४ | २२% | ७ | ३९% | २ | ११% | | ०% | १८ |
| २ | ४ | १९% | ८ | ३८% | १४ | ६७% | | ०% | ४ | १९% | १ | ५% | १ | ५% | १ | ५% | | ०% | | ०% | २१ |
| ३ | ६ | ६७% | २ | २२% | ६ | ६७% | ३ | ३३% | १ | ११% | ३ | ३३% | १ | ११% | १ | ११% | ३ | ३३% | २ | २२% | ९ |
| ४ | २४ | ८०% | २० | ६७% | २७ | ९०% | १० | ३३% | १० | ३३% | २२ | ७३% | १० | ३३% | १४ | ४७% | | ०% | | ०% | ३० |
| ५ | २ | १३% | १४ | ९३% | १५ | १००% | १ | ७% | २ | १३% | ५ | ३३% | १ | ७% | | ०% | | ०% | | ०% | १५ |
| ६ | ५ | ३६% | ८ | ५७% | १२ | ८६% | १४ | १००% | ४ | २९% | १ | ७% | १ | ७% | | ०% | | ०% | | ०% | १४ |
| ७ | १२ | ५५% | १७ | ७७% | २२ | १००% | १४ | ६४% | १२ | ५५% | ५ | २३% | ४ | १८% | ३ | १४% | ३ | १४% | २ | ९% | २२ |
| ८ | १३ | ७२% | १५ | ८३% | १६ | ८९% | | ०% | | ०% | | ०% | | ०% | | ०% | | ०% | | ०% | १८ |
| ९ | ३२ | १००% | ३० | ९४% | २७ | ८४% | २० | ६३% | ६ | १९% | २ | ६% | | ०% | ४ | १३% | | ०% | | ०% | ३२ |
| जम्मा | १०१ | ५६% | १३० | ७३% | १४० | ७८% | ६३ | ३५% | ४० | २२% | ४२ | २३% | २२ | १२% | ३० | १७% | ८ | ४% | ४ | २% | १७९ |

तालिका १३ः बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी

नरहरीनाथ गाँउपालिका विभिन्न वडाहरुमा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह र कम उमेरको बिबाहको कारणले पर्ने नकारात्मक असरहरुबारे उत्तरदाताहरुको बुझाइ जान्न बाल बिवाह र कम उमेरको बिबाहले गर्दा के कस्ता नकारात्मक असरहरु पार्छ भन्ने प्रश्न सोधिएको थियो जसमा सबै भन्दा बढी ७८ प्रतिशतले छिटो गर्भवती हुने र बच्चा जन्मिने उत्तर दिएका थिए भने ७३ प्रतिशतले स्वास्थ्य सम्बन्धी समस्या आउने बताएका थिए र ५६ प्रतिशतले बालबालिकाहरुको पढाइ छुट्ने, बालबालिकाहरु बिध्यालय जान छोड्ने उत्तर दिएका थिए । यसबाट के अनुमान गर्न सकिन्छ भने, उत्तरदाताहरुको बाल बिवाह र कम उमेरको बिबाहले पर्ने नकारात्मक असरहरुबारे राम्रो जानकारी रहेको पाइयो तर पनि बालविवाह र कम उमेरमा हुने विवाह अझ पनि समुदायमा निरन्तर नै रहेको छ । तालिका १३ मा वडागत रुपमा बाल बिवाह र कम उमेरको बिबाहको कारणले पर्ने नकारात्मक असरहरुबारे विष्तृत विवरण प्रस्तूत गरिएको छ ।

### ३.२.११ बाल विवाह कानुनी प्रावधान तथा परिणाम सम्वन्धी जानकारी


| वडा | २० वर्ष भन्दा पहिले विवाह गर्नु वा गराउनुहुदैन | % | विवाह स्वतः रद्द हुनेछ | % | विवाह दर्ता हुदैन | % | तीन वर्ष कैद र तीस हजार रु. सम्म जरिवाना | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | १ | ६% | ० | ०% | १८ | १००% | ४ | २२% | १८ |
| वडा नं. २ | १ | ५% | ० | ०% | १८ | ८६% | २ | १०% | २१ |
| वडा नं. ३ | ६ | ६७% | ४ | ४४% | ६ | ६७% | ५ | ५६% | ९ |
| वडा नं. ४ | १ | ३% | ० | ०% | ० | ०% | २८ | ९३% | ३० |
| वडा नं. ५ | ४ | २७% | १३ | ८७% | १४ | ९३% | १ | ७% | १५ |
| वडा नं. ६ | ६ | ४३% | १२ | ८६% | १४ | १००% | ५ | ३६% | १४ |
| वडा नं. ७ | १५ | ६८% | २१ | ९५% | २० | ९१% | १२ | ५५% | २२ |
| वडा नं. ८ | १ | ६% | १८ | १००% | १६ | ८९% | ० | ०% | १८ |
| वडा नं. ९ | २१ | ६६% | २८ | ८८% | १९ | ५९% | १९ | ५९% | ३२ |
| जम्मा | ५६ | ३१% | ९६ | ५४% | १२५ | ७०% | ७६ | ४२% | १७९ |

तालिका १४: बाल बिवाहले पार्ने नकारात्मक असरहरुको जानकारी

माथिको तालिकामा एक बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह र कम उमेरमा बिबाहे सम्बन्धि कानूनी प्राबधान र व्यवस्थाको बारेमा सोधिएको थियो जसमा सबै भन्दा बढी ७० प्रतिशत उत्तरदाताहरुले बिवाह दर्ता नहुने जनाएका थिए, त्यसैगरि ५४ प्रतिशतले बिवाह स्वतः बदर हुने र ४२ प्रतिशत उत्तरदाताहरुले गर्ने र गराउने दुबैलाइ तीन वर्ष सम्मा कैद र तीस हजार रुपैया सम्म जरिवाना भनेर उत्तर दिएका थिए। यसबाट प्रष्ट हुन्छ कि उत्तरदाताहरुलाई बालविवाह सम्बन्धि कानूनी प्रावधाहरुबारे जानकारी रहेको छ। यो प्रश्नको उत्तर बहुउत्तरमा आधारित विश्लेषण हो भने तालिका १४ मा वडागत रुपमा विष्तृत विवरण दिईएको छ।

***नोटः यो प्रश्नको लागि बहुउत्तर छनौट गर्ने विकल्पहरु थियो, उत्तरदाताहरुले एकभन्दा बढी कारणहरु छनौट गरेको तथ्यांङ्क माथिको तालिकामा प्रस्तूत गरिएको छ। एकभन्दा बढी कारणहरु छनौट गर्न पाउने विकल्प भएको कारण जम्मा संख्या मिल्दैन।***

**बालबिवाहको चारैवटा कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी**




फिगर ८: बालबिवाहको चारैवटा कानुनी प्रावधान तथा परिणाम सम्बन्धी जानकारी

बालविवाह सम्बन्धि चारैवटा कानूनी प्रावधान बारे प्रश्न सोध्दा कुल १७९ उत्तरदाता मध्ये २० जना (११%) लाई मात्र चारवटै प्रावधान (बिवाह दर्ता नहुने, बिवाह स्वत: बदर हुने, कानुनी जरिवाना र कैद ( तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने ( केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधान रहेको जानकारी भएको पाईयो । यसरी वडागत रुपमा हर्ने हो भने वडा नम्बर ६ मा ५ जनालाइ, वडा नम्बर ७ मा ९ जनालाई र वडा नम्बर ९ मा ६ जनालाई बाहेक अरु वडाका यस सर्वेक्षणमा सहभागिहरुलाई चारवटै (बिवाह दर्ता नहुने, बिवाह स्वत: बदर हुने, कानुनी जरिवाना र कैद (तीस हजार रुपैयाँ जरिवानासहित ३ वर्ष) र सोभन्दा कम उमेरमा बिवाह गर्न नपाइने (केटी र केटाहरूका लागि २० वर्षको उमेर) बालबिवाहको कानुनी प्रावधानको बारेमा थाहा नभएको देखिन्छ । यसर्थ बालबिवाहका सबै कानुनी प्रावधानहरूका सम्बन्धमा समुदायका मानिसहरूलाई चेतना जगाउनु पर्ने देखिन्छ ।

### ३.२.१२ बाल बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान

| वडा नम्बर | बाल अधिकार समिती | % | पालिका तथा वडा कार्यालय | % | निगरानी समूह | % | पुलिस | % | बाल हेल्पलाईन | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ८ | ४४% | ६ | ३३% | ० | ०% | ७ | ३९% | ५ | २८% | १८ |
| वडा न-२ | १० | ४८% | १ | ५% | ० | ०% | १६ | ७६% | ० | ०% | २१ |
| वडा न-३ | ६ | ६७% | ५ | ५६% | ४ | ४४% | ८ | ८९% | १ | ११% | ९ |
| वडा न-४ | २९ | ९७% | २५ | ८३% | १ | ३% | ३० | १००% | ९ | ३०% | ३० |
| वडा न-५ | ० | ०% | १० | ६७% | ८ | ५३% | १३ | ८७% | १४ | ९३% | १५ |
| वडा न-६ | ६ | ४३% | ११ | ७९% | ११ | ७९% | १० | ७१% | ४ | २९% | १४ |
| वडा न-७ | ११ | ५०% | १६ | ७३% | १७ | ७७% | १६ | ७३% | ९ | ४१% | २२ |
| वडा न-८ | ४ | २२% | १८ | १००% | १ | ६% | १२ | ६७% | ० | ०% | १८ |
| वडा न-९ | २३ | ७२% | ३१ | ९७% | २५ | ७८% | ३० | ९४% | १७ | ५३% | ३२ |
| जम्मा | ९७ | ५४% | १२३ | ६९% | ६७ | ३७% | १४२ | ७९% | ५९ | ३३% | १७९ |

तालिका १५ : बाल बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा ज्ञान

माथिको तालिकामा बिवाहका घटनाहरूको रिपोर्ट गर्ने संयन्त्रको बारेमा उत्तरदाताहरुको ज्ञानको तथ्याङ्क प्रस्तूत गरिएको छ । नरहरीनाथ गाँउपालिका बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि सोधिएको थियो जसमा सबै भन्दा बढी ७९ प्रतिशत उत्तरहरु पुलिसमा, ६९ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ५४ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, ३७ प्रतिशत उत्तरहरु निगरानी समूहमा रिपोर्ट र ३३ प्रतिशतले बाल हेल्पलाईनमा जानकारी गराउनु पर्छ भन्ने जानकारी भएको पाईएकोछ । वडागत विवरण माथिको तालिकामा प्रस्तूत गरिएको छ ।

## ३.२.११ बाल बिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ

| वडा नम्बर | बालबाकिा स्वयंम | % | परिवार | % | बालक्लब | % | युवा क्लब तथा सँजाल | % | वडा कार्यालय | % | पलिका | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | ० | ०% | १ | ६% | ४ | २२% | ९ | ५०% | ६ | ३३% | २ | ११% | १८ |
| वडा न-२ | ० | ०% | १ | ५% | १ | ५% | १६ | ७६% | ० | ०% | ० | ०% | २१ |
| वडा न-३ | ३ | ३३% | २ | २२% | २ | २२% | ४ | ४४% | ४ | ४४% | ५ | ५६% | ९ |
| वडा न-४ | २१ | ७०% | २ | ७% | २३ | ७७% | २० | ६७% | २३ | ७७% | २१ | ७०% | ३० |
| वडा न-५ | १ | ७% | १ | ७% | १५ | १००% | १५ | १००% | १२ | ८०% | १३ | ८७% | १५ |
| वडा न-६ | ५ | ३६% | ५ | ३६% | ९ | ६४% | १२ | ८६% | ११ | ७९% | ५ | ३६% | १४ |
| वडा न-७ | १४ | ६४% | १३ | ५९% | २० | ९१% | १७ | ७७% | १२ | ५५% | ११ | ५०% | २२ |
| वडा न-८ | ० | ०% | ० | ०% | १५ | ८३% | १३ | ७२% | १३ | ७२% | ७ | ३९% | १८ |
| वडा न-९ | १७ | ५३% | २५ | ७८% | २५ | ७८% | २६ | ८१% | २४ | ७५% | २२ | ६९% | ३२ |
| जम्मा | ६१ | ३४% | ५० | २८% | ११४ | ६४% | १३२ | ७४% | १०५ | ५९% | ८६ | ४८% | १७९ |

तालिका १६ (क) : बाल बिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ

| वडा नम्बर | समुदाय र धार्मिक नेता | % | पुलिस | % | समाजिक सँघ संस्थाहरु | % | बाल अधिकार समिति | % | शिक्षकहरु | % | सहकारी | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा न-१ | १ | ६% | | ०% | १३ | ७२% | ३ | १७% | १ | ६% | ० | ०% | १८ |
| वडा न-२ | ० | ०% | १२ | ५७% | ३ | १४% | १ | ५% | ० | ०% | ० | ०% | २१ |
| वडा न-३ | २ | २२% | ३ | ३३% | ० | ०% | २ | २२% | १ | ११% | २ | २२% | ९ |
| वडा न-४ | ३ | १०% | २१ | ७०% | ० | ०% | ४ | १३% | ० | ०% | ० | ०% | ३० |
| वडा न-५ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १५ |
| वडा न-६ | ४ | २९% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १४ |
| वडा न-७ | ९ | ४१% | ३ | १४% | ३ | १४% | ३ | १४% | ० | ०% | ० | ०% | २२ |
| वडा न-८ | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | १८ |
| वडा न-९ | ६ | १९% | ५ | १६% | ० | ०% | ० | ०% | ० | ०% | ० | ०% | ३२ |
| जम्मा | २५ | १४% | ४४ | २५% | १९ | ११% | १३ | ७% | २ | १% | २ | १% | १७९ |

तालिका १६ (ख) : बाल बिवाह उन्मूलनको लागि समुदायमा कस्को भूमिका रहन्छ

बाल विवाह उन्मुलनको लागि समुदायमा कस्को भुमिका रहन्छ भन्ने प्रश्नमा कुल १७९ उत्तरदाता मध्ये अधिकांश उत्तरदाताहरु ७४ प्रतिशतले युवा क्लब तथा सञ्जालको प्रमुख भुमिका रहेको बताए । त्यसैगरि ६४ ले बालक्लब सञ्जाल, ५९ प्रतिक्रियाहरू वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने ४८ प्रतिशतले पालिकाले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएका थिए । साथै अन्य भुमिका रहेको सरोकारवालाहरुमा बालबालिका स्वयंम, परिवार र पुलिसको भुमिका मा क्रमशः ३४%, २८%, र २५% ले प्रतिक्रिया दिनुभएको थियो । माथि तथ्याङ्कले देखाएको अनुसार, समुदायमा बाल विवाह र कम उमेरमा हुने विवाह उन्मुलनका लागि सुझाएका सरोकारबालहरुसँग सहकार्य गर्न जरुरी देखिन्छ ।

***नोटः यो प्रश्नको लागि बहुउत्तर छनौट गर्ने विकल्पहरु थियो, उत्तरदाताहरुले एकभन्दा बढी कारणहरु छनौट गरेको तथ्यांङ्क माथिको तालिकामा प्रस्तूत गरिएको छ । एकभन्दा बढी कारणहरु छनौट गर्न पाउने विकल्प भएको कारण जम्मा संख्या मिल्दैन ।***

३.२.१३ बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको जानकारी

| वडा नम्बर | थहा भएको | % | थहा नभएको | % | जम्मा |
|---|---|---|---|---|---|
| वडा न-१ | ११ | ६१% | ७ | ३९% | १८ |
| वडा न-२ | ३ | १४% | १८ | ८६% | २१ |
| वडा न-३ | ३ | ३३% | ६ | ६७% | ९ |
| वडा न-४ | ३० | १००% | | ०% | ३० |
| वडा न-५ | | ०% | १५ | १००% | १५ |
| वडा न-६ | | ०% | १४ | १००% | १४ |
| वडा न-७ | | ०% | २२ | १००% | २२ |
| वडा न-८ | ४ | २२% | १४ | ७८% | १८ |
| वडा न-९ | १२ | ३८% | २० | ६३% | ३२ |
| जम्मा | ६३ | ३५% | ११६ | ६५% | १७९ |

नरहरिनाथ गाउँपलिकामा उत्तरदाताहरुसंग बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको बारेमा कतिको जानकारी रहेको छ भनेर बुझ्न खोज्दा १७९ उत्तरदाताहरु मध्ये ६३ जना ३५% लाई मात्र समुदायमा बालबिवाह र बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी रहेको पाइयो ।

वडागत विष्लेशण गर्दा सबै भन्दा बढी १०० % वडा नम्बर ४ मा रहेको पाइयो भने वडा नम्बर १ मा ६१% लाई जानकारी रहेको पाइएको छ । वडा नम्बर ५, ६ र ७ का उत्तरदाताहरुलाई बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको बारेमा केहि जानकारी नरहेको पाइयो तसर्थ हामीले यी वडाहरुमा जनचेतनाका कार्यक्रहरु म जोड दिने साथै के सम्बन्धि कार्य गरिरहेको जानकारी दिन पनि जरुरी देखिन्छ ।

# एकाइ ४ निष्कर्ष र सुझाव (Conclusion and Recommednations)

## ४.१ मुख्य निष्कर्ष

नरहरीनाथ गाउँपालिकामा घरपरिवार सर्वेक्षण जनगणनाको रूपमा २७ मसिर २०७८ देखि २६ मसिर २०७९ सम्मको एक वर्ष भित्र विवाह भएका १७९ (महिला ७१ र पुरुष १०८) उत्तरदाता अन्तर्वार्ता लिएको थियो । यसमा कुल १०४१ घरपरिवारका सदस्यहरू छन् जसमा ३११ जनाको एक वर्ष भित्र विवाह भएको थियो । १७९ जना उत्तरदाताहरुमध्ये ७१ जना (४० प्रतिशत) महिला र १०८ जना (६० प्रतिशत) पुरुष सहभागीहरुले यस सर्वेक्षणमा भाग लिनु भएको थियो । जातिगत हिसाबले हेर्ने हो भने सहभागी मध्ये ११७ जना ६५% ब्राम्हण क्षेत्री र ५७ जना ३२% पहाडी दलित रहेका छन र अन्य जातिका मात्र ३% जना मात्र रहेका छन । यसरीनै उमेरसमुह अनुसार, उमेरसमुहको विवण हेर्दा ४६ प्रतिशत उत्तरदाताहरु ४१ देखि ६० वर्ष उमेर समुहको पाइयो भने ३४ प्रतिशत उत्तरदाताहरु २० देखि ४० वर्ष उमेर समुहको र ८ प्रतिशत ६१ वर्ष भन्दा माथिका उत्तरदाताहरु रहेको पाइयो ।

यो अध्ययनमा सहभागि भएका १८२ घरपरिवार मध्य समग्रमा ५० प्रतिशत सहभागिहरुलाई मात्र बिवाह गर्ने कानुनी उमेरको बारेमा थाह भएको पाईयो जुन वडागत हिसाबले हेर्दा वडा नम्बर ४ र १ मा क्रमशः १००% र ९४% सहभागिलाई थाह भएको पाईयो ।

यस नगरपालिकाको विगत तिन बर्षको तथ्याङ्क विश्लेशण गरी हेर्दा सन २०२० मा ७४ प्रतिशत, सन २०२१ मा ६७ प्रतिशत र सन २०२२ मा ५२ प्रतिशत बाल विवाह र छिटो विवाहको दर पाईयो । बाल बिवाह र छिटो बिवाहको दर घटेको पाईएतापनि ५२ प्रतिशत बाल बिवाह र छिटो बिवाह हुनु भनेको जुन नेपालको औषत दर भन्दा धेरै बढी हो ।

यस पालिकामा एक वर्षमा ३११ जनाको बिवाह भएका थियो । यसमा १६१ बालबिवाह वा छिटो बिवाहमा पर्दछन् जुन जम्मा बिवाहको ५२ प्रतिशत हुन आउँछ भने सन् २०२१ मा यो ६७ प्रतिशत थियो । वडा नं ५ र ७ मा मा बालबिवाह वा छिटो बिवाह वढि छ वडा नम्बर ३ मा बालविवाह गतवर्षको तुलनामामा ७ प्रतिशतले बढेको देखिन्छ ।

जातिगत रुपमा यो तथ्याङ्कलाई केलाएर हेर्ने हो भने बाल बिवाह विवाह सबै भन्दा बढी ३४% ब्राहमण क्षेत्री समुदायमा भएको पाईयो भने १७ % दलित समुदायमा भएको पाईयो । त्यसैगरि बाल बिवाहमा केटाकेटी १०० प्रतिशत आफैले पहल गरेर विवाह गरेको विवाह पाइयो । । आफैले विवाह गरेको १६१ वटा बाल विवाह र कम उमेरमा हुने विवाह मध्ये १०५ जना (६५%) महिलाको र बाकी ५६ जना (३५%) पुरुषहरुले आफै विवाह गरेको पाईयो ।

२० वर्ष उमेर पछि बिवाह भएको जम्मा १५० विवाहित मध्ये जम्मा २२ जनाले विवाह दर्ता गराइएको पाइयो जुन जम्मा २० वर्ष उमेर पछि भएको विवाहको १५% जनाउँछ तसर्थ ८५% नव विवाहित जोडीले विवाह दर्ता नलिएको देखिन्छ । साथै पढाइको सन्दर्भमा हेर्ने हो भने विवाह हुनु भन्दा पहिले २७५ जना कुनै न कुनै तहमा विद्यालयमा नियमित रहेको देखिन्छ तर विवाह पश्चात २४९ जनाले मात्र शिक्षा नियमित गरेको पाइन्छ । २६ जना (९%) ले विवाह पश्चात पढाई छोडेको देखिन्छ ।

सन् २०२२ मा बिवाह भएका महिलाहरु मध्ये ८ प्रतिशत महिलाहरु गर्भवती रहेको पाईयो भने बाल बिवाह गर्नेहरु मध्ये ५ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ ।

बाल बिवाह र कम उमेरमा बिबाहले किन निरन्तरता पाई रहेको छ भनि कारणहरु बारे जान्न खोज्दा ६६ प्रतिशत उत्तरदाताहरुले अहिले आफै प्रेम सम्बन्ध बनाएर भागेर बिवाह गर्ने गरेको चलन बढेको बताएका थिए भने उत्तरदाताहरु

अनुसार ५५ प्रतिशत परिवारहरुले समाजिक परम्पराले गर्दा बाल बिवाह र कम उमेरमा बिबाह गर्दिने गरेको हो भने ४३ प्रतिशतले गरीबिको कारणले बाल बिवाह र कम उमेरमा बिबाह गर्ने गरेको यस सर्वेक्षणले देखाएको छ ।

बाल बिवाह र छिटो बिवाह कसरी अन्त्य गर्न सकिन्छ भनि कारणहरु सोध्दा ६३ प्रतिशत उत्तरहरु अनिवार्य शिक्षाको माध्यमबाट बाल वालिकाहरुलाई सचेत गराइ र शिक्षामा पहुँच बढाइ बालविवाह र कम उमेरमा हुने विवाहको चलन अन्त्य गर्न सकिन्छ भनेर जवाफ दिए भने ४५ प्रतिशत उत्तरहरु अभिभाबकहरुमा जनचेतना जगाएर र ४२ प्रतिशत उत्तरहरु बालबालिकाहरुमा जनचेतना जगाएर यस समुदायमा रहेको बाल बिवाह र कम उमेरमा हुने बिबाहको चलन अन्त्य गर्न सकिन्छ भन्ने उत्तर दिनुभयो ।

बाल बिवाह र कम उमेरको बिबाहको कारणले पर्ने नकारात्मक असरहरुबारे उत्तरदाताहरुको प्रश्न सोधिएको थियो जसमा सबै भन्दा बढी ७८ प्रतिशतले छिटो गर्भवती हुने र बच्चा जन्मिने उत्तर दिएका थिए भने ७३ प्रतिशतले स्वास्थ्य सम्बन्धी समस्या आउने बताएका थिए र ५६ प्रतिशतले बालबालिकाहरुको पढाइ छुट्ने, बालबालिकाहरु बिध्यालय जान छोड्ने उत्तर दिएका थिए ।

बाल बिवाह र कम उमेरमा बिबाहको कानूनी प्राबधान र व्यवस्थाको बारेमा सोधिएको थियो` जसमा सबै भन्दा बढी ७० प्रतिशत उत्तरदाताहरुले बिवाह दर्ता नहुने जनाएका थिए, त्यसैगरि ५४ प्रतिशतले बिवाह स्वत: बदर हुने र ४२ प्रतिशत उत्तरदाताहरुले गर्ने र गराउने दुबैलाइ तीन वर्ष सम्मा कैद र तीस हजार रुपैया सम्म जरिवाना भनेर उत्तर दिएका थिए साथै बालविवाह सम्बन्धि चारैवटा कानूनी प्रावधान बारे प्रश्न सोध्दा कुल १७९ उत्तरदाता मध्ये २० जना (११%) लाई मात्र बालबिवाहको चारवटै कानुनी प्रावधानहरु रहेको जानकारी भएको पाईयो ।

नरहरीनाथ गाँउपालिका बर्ष भित्र बिवाह भएका घरधुरीका उत्तरदातालाई बाल बिवाह भएमा कहाँ रिपोर्ट गर्नु पर्छ भनि सोधिएको थियो जसमा सबै भन्दा बढी ७९ प्रतिशत उत्तरहरु पुलिसमा, ६९ प्रतिशत उत्तरहरु पालिका तथा वडा कार्यालयमा, ५४ प्रतिशत उत्तरहरु बाल अधिकार समितीमा, ३७ प्रतिशत उत्तरहरु निगरानी समूहमा रिपोर्ट र ३३ प्रतिशतले बाल हेल्पलाईनमा जानकारी गराउनु पर्छ भन्ने जानकारी भएको पाईएको छ ।

बाल विवाह उन्मुलनको लागि समुदायमा कस्को भुमिका रहन्छ भन्ने प्रश्नमा अधिकांश उत्तरदाताहरु ७४ प्रतिशतले युवा क्लब तथा सञ्जालको प्रमुख भुमिका रहेको बताए । त्यसैगरि ६४ ले बालक्लब सञ्जाल, ५९ प्रतिक्रियाहरू वडा कार्यालयले समुदायमा बालबिवाह रोक्न मद्दत गर्न वा भूमिका खेल्न सक्छ भन्ने जवाफहरु दिएको छ भने ४८ प्रतिशतले पालिकाले समुदायमा बालबिवाह रोक्न मद्दत वा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने प्रतिक्रियाहरू दिएका थिए ।

नरहरिनाथ गाउँपलिकामा उत्तरदाताहरुसंग बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको बारेमा कतिको जानकारी रहेको छ भनेर बुझ्न खोज्दा १७९ उत्तरदाताहरु मध्ये ६३ जना ३५% लाई मात्र समुदायमा बालबिवाह र बालबिवाह उन्मूलन गर्ने क्षेत्रमा काम गर्ने संस्थाहरूको बारेमा जानकारी रहेको पाइयो ।

४.२ सुझावहरु

- बाल बिवाह र छिटो बिवाहको बढि देखिएको वडाहरु विशेष योजना बनाएर वडा कार्यालयहरु पालिकासँग मिलेर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।
- बाल बिवाह र छिटो बिवाहको चलन बढी भएको समुदायहरु जस्तै दलित समुदाय भएको गाउँहरुमा समुदायका अगुवाहरुसँगको सहकार्यमा विशेष योजना बनाएर बाल बिवाह उन्मूलनको लागि काम गर्नु पर्ने देखिन्छ ।
- सन् २०२२ अवधिमा जम्मा बाल बिवाह भएका मध्ये शतप्रतिशत नै आफ्नै ईच्छाले बिवाह गरेको पाईयो तसर्थ यो समुदायमा रहेका बाल बालिकाहरुलाई बाल बिवाह र छिटो बिवाहले जिवनमा पार्ने नकारात्मक असरहरुको बारेमा जनचेतनामूलक कार्यक्रमहरु बढी जोड दिएर सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- २० वर्ष उमेर पछि बिवाह भएको ८५% नव विवाहित जोडीले विवाह दर्ता नलिएको देखिन्छ तसर्थ सबैको बिवाह दर्ताको लागि सम्बन्धित वडा कार्यालयहरु सँग मिलेर बिवाह दर्ता अभियान सञ्चालन गरी सबैको बिवाह दर्ता गर्नु पर्ने देखिन्छ ।
- बाल बालिकालाई शिक्षाबाट बन्चित हुनबाट बचाउन बाल बिवाहको चलन बढी भएको समुदायहरुमा बाल बिवाह भै सकेकाहरुको पनि शिक्षालाई निरन्तरताको लागि पहल गर्नु पर्ने देखिन्छ ।
- बाल बिवाह गर्नेहरु मध्ये ५ प्रतिशत महिलाहरु गर्भवती भएको पाईएको छ यसर्थ कम उमेरमा गर्भवती र बच्चा जन्मिएमा आमा र बच्चामा पर्न सक्ने नकारात्मक असरहरुको साथ साथै जन्मान्तर तथा ढिलो गर्भवती सम्बन्धि जनचेतना समुदायमा तथा बिवाह भै सकेकाहरुमा पुर्याउनु पर्ने देखिन्छ ।
- बालविवाह सम्बन्धि चारैवटा कानूनी प्रावधान बारे प्रश्न सोध्दा कुल १७९ उत्तरदाता मध्ये २० जना (११%) लाई मात्र बालबिवाहको चारवटै कानुनी प्रावधानहरु रहेको जानकारी भएको पाईयो । तसर्थ यस क्षेत्रमा पनि ति समुदायहरुमा जनचेतना जगाउन वडा कार्यालय पालिका र स्थानीय सँञ्चार माध्यमहरुसँग मिलेर काम गर्नु पर्ने देखिन्छ ।
- ३५% उत्तरदाताहरुलाई मात्र बाल बिवाह उन्मूलनको लागि समुदायमा काम गर्ने सँघसस्थाहरुको बारेमा जानकारी रहेको पाइयो तसर्थ हामीले बाल बिवाह उन्मूलनको लागि जनचेतनाका कार्यक्रहरु म जोड दिने साथै के सम्बन्धि कार्य गरिरहेको जानकारी दिन पनि जरुरी देखिन्छ ।